# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४६ पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. व. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

१३ वर्ष १ अङ्क

( इतिहास-प्रधान त्रैमासिक पत्रिका )

*सम्पादक–*
**महेशराज पन्त**
**दिनेशराज पन्त**

*प्रकाशक–*
**देवीप्रसाद भण्डारी**
(संशोधन-मण्डलद्वारा)

*सहयोगी–*
**रामजी तेवारी**

यस अङ्कको मूल्य रु. १०।

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास | –देवीप्रसाद भण्डारी | १–२० |
| २. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद | –नयराज पन्त | २०–३४ |
| ३. पाटनका राजा विष्णु मल्लको गोत्र | –महेशराज पन्त | ३४–३७ |
| ४. जङ्गबहादुरको पालाको नेपाल–भोटयुद्धको लागि गोदामगोदाममा राखिएका रसदसम्बन्धी पत्र | –रामजी तेवारी | ३७–४० |
| ५. यशोधर्माको प्रशस्ति | –नयराज पन्त | ४०–४२ |
| बाह्रौँ बर्षको आम्दानीखर्चको विवरण | | ४३ |


## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३ | २६ | नन्दाजि | अन्दाजि |
| ४ | १५ | भारत बर्षका | भारतबर्षका |
| ६ | १ | खमा | लेखमा |
| ६ | १४ | थीयो | थियो |
| १० | १८ | सनानतन | सनातन |
| ११ | ११ | मुख्य मन्त्री | मुख्यमन्त्री |
| १२ | १ | अनाजबाट खानिबाट, | अनाजबाट, खानिबाट |
| १२ | १३ | जमिनका | जमीनका |
| १४ | ३ | वसे | बसे |
| १४ | ३१ | देबीको | देवीको |
| १५ | १६ | दीबान | दीवान |
| १६ | १४ | वर्तमान | वर्तमान |
| १६ | २१ | बर्ग | वर्ग |
| १६ | २६ | बि. सं. १७२८ | वि. सं. १७१८ |
| १७ | ३ | आफभन्दा | आफूभन्दा |
| १९ | २६ | पुर्विया | पुर्बिया |
| १९ | २७ | पुर्विया | पुर्बिया |
| २० | १ | परवतिया | परबतिया |
| २१ | ५ | गन्तृन् | गन्तॄन् |
| २८ | २७ | नैगमाना | नैगमानाम् |

(क्रमागत)

# ऐ. शि. बाबुराम आचार्यज्यूले रचना गर्नुभएको

# नेपालको संक्षिप्त इतिहास

सम्पादक–देवीप्रसाद भण्डारी

## नवौं परिच्छेद

## बैस, मल्ल र पालवंशका राज्यहरू

[ई. स ८८०–१२००][1]

१। प्राचीन युगमा राजाका छोरा अवश्य राजपुत्र कहिन्थे। मध्ययुगका आरम्भमा राजाका नाति पनातिसमेत राजपुत्र कहिन लागे। यस तरहसँग एक राजाका वंशमा सयकडौं राजपुत्र खडा हुन थाले। यस हिसाबले पुत्र शब्द वंशका अर्थमा व्यवहार हुन लाग्यो। अंशुवर्माका नातादारमा पनि शूरसेन र विक्रमसेन दुइ जना राजपुत्र देखिन्छन्। यस तरहसँग राजपुत्रहरूको एक जात बन्दा यस शब्दका अपभ्रंशरूप राजपूत वा रजपूत जातिबाचक शब्द बन्यो। मध्ययुगमा जुन जुन क्षत्रिय वा ठूमालले राज्य स्थापना गरे, उनका सन्तान पनि रजपूत बन्दा यस जातका थर र सङ्ख्या पनि बढ्दै गए। यिनीहरू ठाकुर भन्ने पदवी व्यवहार गर्दथे। यस कारणले यिनीहरूलाई भारतीहरू ठाकुर, नेपालीहरू ठकुरी र नेपालीमा पनि नेवारहरू थकुजू भन्न लागे। उत्तर भारतवर्षका सम्राट् हर्षवर्धन बैस–रजपूत थिए। यस कारणले यिनका भैयादका सन्तानहरू बैस–ठकुरी कहिन्थे।

हर्षवर्धनका मरणपछि तिनको साम्राज्य छिन्नभिन्न हुँदा सतलज र गण्डकीका बीचमा मौखरिहरूले कन्नौजसाम्राज्य खडा गरे। राज्य भ्रष्ट भएपछि पनि यी बैसहरू कन्नौजसाम्राज्यका भिन्न भिन्न भागमा सानासाना गढी बनाएर रहेका थिए। यिनीहरूको एक गढी अचेलका सारन जिल्लामा पनि थियो।

२। मगधका प्रतापी राजा धर्मपाल जीवित छँदै जयापीडले नेपालमा आक्रमण गरेका थिए। यी हट्नाको एक कारण शायद धर्मपालको भय पनि थियो। धर्मपालका उत्तराधिकारी छोरा देवपाल पनि उस्तै प्रतापी राजा भए [ई. सं. ८०९–८५०अं.][2]। यिनीहरूका प्रतापमा नेपालका

---

१. बि. सं. ९३७–१२५७। २. अन्दाजि वि. सं.८६६–९०७।

लिच्छवि राजाहरू दबेर रहे । देवपालपछि नारायणपाल अयोग्य राजा हुँदा कन्नौजराज मिहिरभोज [ई. सं. ८३६–८९१ अं.][3] ले मगध जिती तिनलाई बङ्गालमा भगाइदिए । छिमेकका यी बडा बडा राज्यमा युद्ध चल्दा नेपालका लिच्छवि राजाहरूलाई आफ्नो शक्ति बढाउने असल मौका आएको थियो । तर यस बीचमा लिच्छविहरू नेवार बनी वज्रयानी भएर सेलाइसकेका हुनाले फेरि तात्न सकेनन् । नेपालको यो अवस्था सारनमा रहेका बैसहरूले हेरिरहेका थिए । कन्नौज र मगध राज्यहरूमा युद्ध चल्दा यिनीहरूलाई त्यहाँ अडिन पनि कठिन थियो । यस मौकामा नेपालपट्टि लागेर लाछी भइसकेका लिच्छविहरूलाई जिती नेपालका राजधानीमा सजिलैसँग अधिकार गरे [ई. सं. ८८०][4] ।

यो बैसहरूका मुखिया शङ्करदेवले राजमुकुट पहिरी नयाँ राजवंशको जग बसाले । यिनीहरू सनातन धर्म मान्दथे । यिनीहरूले व्यवहार गर्ने गरेको कुटिल लिपि नेपालमा चलेका लिपिभन्दा केही फरक थियो । यहाँ आएर आफ्नो लिपि प्रचार गरेका हुनाले यसलाई गौड लिपि भन्ने चलन भएको थियो । यस लिपिमा ताडपत्रमा पुस्तक लेख्ने चलन शङ्करदेवका समयदेखि नै चल्यो । ई. सं. ८९२[5] तिर यी परलोक भए ।

३। शङ्करदेवपछि यिनका भाइ वा छोरा राघवदेव राजसिंहासनमा बसे [ई. सं. ८९२–९३५ अं.][6] । यस समयका मगधका प्रत्येक राजाहरू आफू राजा भएका सालदेखि नयाँ संवत् उठान गरी दुनियाँको व्यवहारसमेत चलाउँथे । यस नियमअनुसार शङ्करदेवले पनि नयाँ संवत्को उठान गरे । तर राघवदेवले नयाँ संवत् नउठाई यसैलाई बढाएर लंजाने नियम गरिदिएका हुनाले अर्को नयाँ संवत् खडा भयो । यसै कारणले यस नयाँ संवत्का जन्मदाता यिनै राजा मानिएका छन् । ४०० वर्ष जति केवल संवत् कहिएर पाछबाट नेपालसंवत् भन्ने नामले यो प्रसिद्ध भएको छ । यिनका बाद तीन जना मामूली राजा भएपछि दशौं शताब्दीका आखिरमा गुणकामदेव भन्ने एक योग्य राजा भए [ई. सं. ९५५–१००१ अं.][7] । यिनका विषयमा अनेक दन्त्यकथा प्रचलित छन् । यिनले सनातन धर्म लिएका थिए । यस समयसम्ममा सनातन धर्ममा शैव तान्त्रिक सम्प्रदाय पनि मिसिएर एउटै धर्म बनेको थियो । यस धर्ममा यिनको अटल श्रद्धा थियो । तर बौद्ध धर्मका उपर पनि श्रद्धा र भक्ति प्रकट गर्दथे । शासनको काम पनि बडा योग्यतासित चलाएका थिए । यस कारणले काठमाडौंमा यिनको नाम अझसम्म पनि याद गरिँदैछ । यो शहर यिनले बसाएको हो भन्ने दन्त्यकथा चलेको छ । तर यो शहरको ज्यादा भाग लिच्छविहरूका समयमा नै बनिसकेको थियो । शायद यिनले बढाएका होलान् ।

४। गुणकामदेवका मरणपछि यिनको वंश निर्बल भएर गयो । यीपछि यिनका छोरा

---

३. अन्दाजि वि. सं. ८९३–९४८ । ४. वि. सं. ९३७ । ५. वि. सं. ९४९ ।

६. अन्दाजि वि. सं. ९४९–९९२ । ७. अन्दाजि वि. सं. १०१२–१०५८ ।

उदयदेवले केवल ५ वर्ष [ई. सं. १००१-११०६अं.][८] राज्य गरेपछि यो राज्य फुटयो। यिनका भाइ छोराहरूले आपसमा कलह गरी एक भागमा निर्भयदेव र यिनका भाइहरू मिली राज्य गर्न लागे। अर्को भागमा अकेला लक्ष्मीकामदेव राजा भए। यस समयमा नुवाकोटमा सगुता बनेर अर्का थरी वैसवंशका भास्करदेव रहेका थिए। राजधानीमा राजपुत्रहरू कलह गर्न लागेको देखेर ई. सं. १०३९[९] मा यिनले आक्रमण गरी काठमाडौँ र भक्तपुरमा दखल जमाए। ललितपुरबाट निर्भयदेव र यिनका भाइ भतिजाहरूलाई निकाली राज्यका अधिपति भए र राजमुकुट पहिरे। ललितपुरको आधा भाग लक्ष्मीकामदेवका छोरा बिजयदेवलाई जीवनवृत्तिका निमित्त छोडिदिए। यी बिजयदेव नाम मात्रका राजा भए। राजाधिराज भन्ने पदवी र राजसिंहासन भास्करदेवले लिएका हुनाले वास्तवका राजा यिनै थिए [ई. सं. १०३९-१०४६ अं.][१०]।

५। एक पटक कन्नौजका राजाले बिहार दखल गरे पनि पछिबाट पाल राजाहरूले फिर्ता लिएका थिए। एघाह्रौँ शताब्दीका आरम्भमा मध्य भारतका कलचुरि राजा गाङ्गेयदेव [ई. सं. १०१५-१०४० अं.][११] ले महीपाल [ई. सं. ९७८-१०२६ अं.][१२] लाई हराई मगधका उत्तरपट्टिको तिरहुतप्रदेश दखल गरे [ई. सं. १०१७ अं.][१३] महीपालले पछिबाट यो प्रदेश फिर्ता लिए तापनि गाङ्गेयदेवका छोरा कर्ण [ई. सं. १०४०-१०७३अं.][१४] ले आफू राजा हुनासाथ मगधमा आक्रमण गरे। यस समयमा महीपालका छोरा नयपाल [ई. सं. १०२६-१०४० अं.][१५] राज्य गर्थे। यिनले विक्रमशिलामहाविहारका बडा भिक्षु दीपङ्कर श्रीज्ञानसँग सहायता मागे। यी भिक्षुका रोवमा दबेर कर्णले पनि नयपालसँग मित्रता गरी पुरानो वैरभाव भुलिदिए [ई. सं. १०४०][१६]।

ठीक यसै समयमा भोटका बडा विद्वान् ज्ञानप्रभको निम्तो आउँदा दीपङ्कर नेपालको बाटो गरी भोटतिर लागे। यी नेपाल उत्रँदा भास्करदेवले राजसिंहासन लिएको एक वर्ष मात्र भएको थियो। कर्ण जस्ता प्रतापी राजाले पनि शिर निहुराएका दीपङ्करका अगाडि भास्करदेवले नत्रनैपर्दथ्यो। यस कारणले उनको डेरा साम्येविहारमा गएर भेट गरी उनका आज्ञाअनुसार आफ्ना एक छोरालाई भिक्षु गराउन दिए। काठमाडौँबाट पाल्पाको बाटो गरी हुम्लाको घाटो पार गरेर दीपङ्कर भोटमा पसे। पाल्पामा रहेका भास्करदेवका एक सगुता अनन्तकीर्तिले पनि यिनको बडो स्वागत गरेका थिए।

६। लिच्छविराज्यका समयदेखि नेपाल राज्यका पूर्वपट्टिको सिमाना टिस्ता नदी भई आएको थियो। यो प्राकृतिक सिमाना पनि थियो। टिस्ता र शिङ्गलीलाका बीचमा याखा वा याकथुम्बा-

---

८. वि. सं. १०५८-१०६३। ९. वि. सं. १०९६। १०. अन्दाजि वि. सं. १०९६-११०३।
११. अन्दाजि वि. सं. १०७२-१०९७। १२. अन्दाजि वि. सं. १०३५-१०८३।
१३. अन्दाजि वि. सं. १०७४। १४. अन्दाजि वि. सं. १०९७-११३०।
१५. अन्दाजि वि. सं. १०८३-१०९७। १६. वि. सं १०९७।

सँग मिल्दोजुल्दो रोङ भन्ने आग्नेयदेशी जात रहिआएको थियो । नेपालका अघिल्ला राजवंशलाई हटाई भास्करदेवले आफ्ना वंशको स्थापना गर्न लाग्दा उठेको अशान्तिको समय भेट्टाई त्यस रोङका आबादीमा (अचेलका सुखिम र दोर्जलिङमा) एक भारतीय रजपूतले ई. सं. १०५०[१७] का आसपासमा स्वतन्त्र रियासतको जग बसाले । यस राज्यको इतिहास नपाइए तापनि यो बलियो थियो भन्ने प्रमाण पाइन्छ । यस राज्यका राजाहरूले साहित्यको प्रचारका निमित्त जो वर्णमाला तयार गरेका थिए, त्यसको प्रचार याखा र याकथुम्बाहरूमा पनि भएको थियो ।

७। भास्करदेवपछि यिनका छोरा बलदेवले १२ वर्ष राज्य गर्दा प्रजालाई सुख दिलाए [ई. स. १०४६–१०५८][१८]। यीपछि ई. स. १०८०[१९] सम्म यिनका वंशका अनेक राजाले राज्य गरे। तर यिनीहरूका समयमा बयानलायकको घटना केही भएन। वामदेव भन्ने अर्का बैस-रजपूत बलवान् भई राजसिंहासनमा बसेर ३ वर्ष [ई. सं. १०८०–१०८३][२०] र यिनका छोरा हर्षदेवले १६ वर्ष [ई. सं. १०८३–१०९९][२१] राज्य गरे । यो पछिल्ला राजाका समयमा सिमरावनगढमा एक शक्तिशाली राज्य स्थापना भयो ।

८। एघाह्रौं शताब्दीका मध्य भागमा कल्याणी (अचेलका बराडप्रान्त)का चालुक्य राजा सामेश्वर पहिला [ई. सं. १०४०–१०६९][२२] बडा बलवान् भए। यी र यिनका छोरा विक्रमाङ्क [ई. सं.१०७६-११२५][२३]ले उत्तर भारत वर्षका उत्तरपूर्व भागमा सफल आक्रमण गरेका थिए। यिनका कनाडी सेनापतिहरूमा विजयसेन र नान्यदेव भन्ने दुइ जनाले क्रमसँग बङ्गाल र तिरहुतमा दुइ नयाँ राज्य स्थापना गरे। यस समयमा मगधको राज्य अत्यन्त निर्बल भई त्यहाँका राजा रामपाल[ई. सं. १०८४–११२६][२४] नाम मात्रका शासक बनिरहेका थिए। यिनका निर्बलताबाट लाभ उठाई नान्यदेवले सिमरावन भन्ने ठाउँमा ई. सं. १०९७[२५] मा राजधानी बनाएर नयाँ राज्यको जग बसाले। नेपालका राजा हर्षदेव निर्बल हुनाले यिनका अधिकारमा रहेको तराई खोसी नान्यदेवले आफ्ना राज्यमा मिलाए। यिनले यस राजधानीका वरिपरि २० माइल जति[२६] का घेरामा बडो परखाल र खाई बनाई गढको रूप दिए । यस गढका खण्डहर बारा जिल्लामा पाइन्छन् । हुनता यो गढ २० माइलजति[२७]का घेरामा मात्र थियो, तर राज्यको विस्तार कोशीदेखि गण्डकीसम्म गङ्गादेखि उत्तरपट्टि तिरहुतका मैदानमा फैलिएको थियो। यो राज्य खडा हुँदा नेपाल राज्यको बाहिरी तराई गुम्यो तापनि यसबाट बैस राजाहरूले र यिनका प्रजाहरूले अनेक शिक्षा लिने अवसर पाए।

---

१७. वि. सं. ११०७। १८. वि. सं. ११०३–१११५। १९. वि. सं. ११३७।
२०. वि. सं. ११३७–११४०। २१. वि. सं. ११४०–११५६। २२. वि. सं १०९७–११२६।
२३. वि. सं. ११३३–११८२। २४. वि. सं ११४१–११८३। २५. वि. सं ११५४।
२६. नौ कोस जति। २७. नौ कोस जति।

६। सिमराबनगढमा नयाँ राज्य स्थापना भएपछि नेपालको राजवंश पनि बदलियो। हर्षदेवका बदलामा भास्करदेवका वंशका शिवदेवले राज्यको बागडोर आफ्ना हातमा लिएर २७ वर्ष राज्य गरे [ई. सं. १०९९–११२६ अं.][२८]। यस समयमा शासन कमजोर भएको हुनाले राजाका सगुताहरू स्वेच्छाचारी भइसकेका थिए। यस कारण यिनले सारा सगुतालाई तहमा ल्याएर शासन बलियो गराए। रैयतलाई सुबिस्ता दिनाका निमित्त ठाउँठाउँमा कूवा र पोखरी खनाए। पशुपतिनाथको देवल बनाई छानामा सुनको मोलम्मा गरिदिए। लेनदेनको व्यवहारलाई सुबिस्ता गराउनाका निमित्त चाँदीको एक थरी टक र तामाको दम्म भन्ने टक चलाए। यो द्रम्म एक जना खेतालाको ज्यालाका निमित्त दिइन्थ्यो। यस कारणले यसको मोल एक फाम (= ६ माना) धान थियो।

यीपछि यिनका उत्तराधिकारी भएर ई. सं. ११२६ देखि ११४७[२९] सम्ममा इन्द्रदेव, मानदेव र नरेन्द्रदेवले लुछाचुँडी गरी दुइदुइ पटक राजमुकुट पहिरे। त्यहाँपछि शिवदेवका छोरा आनन्ददेवले राज्य लिएर शान्ति स्थापना गरे [ई. सं. ११४६–११६८ अं. ][३०]। यी बडा जबरदस्त राजा थिए। सगुताहरूको अधिकार घटाई आफ्नो शक्ति बढाउँदा खलबल उठ्यो तापनि अटल रहेर २२ वर्ष राज्य चलाए। अपराधीलाई पनि कडा सजाय दिन्थे। चोरहरूलाई मार्नु ता यिनको मामूली काम थियो। तर यिनका मरणपछि राजाहरूको शक्ति शिथिल हुँदै गयो। यीपछि यिनका भाइ रुद्रदेव आठ वर्ष राजा भए [ई. सं. ११६८–११७६ अं. ][३१]। यिनलाई हटाएर यिनका भाइ अमृतदेव राजा भएका थिए [ई. सं. ११७६–११७९अं.][३२]। तर यिनका मरणपछि फेरि रुद्रदेवले राजमुकुट पहिरे [ई. सं. ११७९–११८३अं. ][३३]। शिवदेवका सन्तानमा कलह चल्दा रुद्रदेवका मरणपछि राजवंशका एक व्यक्ति सोमेश्वर राजा भए [ई. सं. ११८३–११८४अं][३४]। तर यिनले राज्य सञ्चालन नसक्दा गुणकामदेव दोस्राले राजसिंहासन लिए [ई. सं. ११८४–११८७ अं.][३५]। यीपछि लक्ष्मीकामदेव[ई. सं. ११८७–११९४अं.][३६]र विजयकामदेव [ई. सं. ११९४–१२००अं.][३७] ले क्रमसँग राज्य गरे। यस समयमा यो राजवंश निर्बल भएको हुनाले टुट्न तयार थियो।

बाह्रौं शताब्दीका महाराष्ट्रका चालुक्य राजा सोमेश्वर तेस्रा वा भूलोक मल्ल [ई. सं. ११२५–११३० अं.[३८]) ले नेपालका राजालाई अधीन गराएका कुरा उहींका अभिलेखमा लेखिएको छ। यिनका छोरा तैलप तेस्रालाई पदच्युत गराउने कलचुरि राजा विज्जलले पनि आफ्नो अभि-

---

२८. अन्दाजि वि. सं. ११५६–११८३। २९. वि. सं. ११८३ देखि १२०४ ।
३०. अन्दाजि बि. सं. १२०३–१२२५। ३१. अन्दाजि वि. सं. १२२५–१२३३।
३२. अन्दाजि वि. सं. १२३३–१२३६। ३३. अन्दाजि बि. सं. १२३६–१२४०। ३४. अन्दाजि वि. सं. १२४०–१२४१। ३५. अन्दाजि वि. सं. १२४१–१२४४। ३६. अन्दाजि वि. सं. १२४४–१२५१।
३७. अन्दाजि बि. सं. १२५१–१२५७। ३८. अन्दाजि वि. सं. ११८२–११८७।

खमा नेपालको स्थितिलाई भङ्ग गरिदिएँ भनी लेखेका छन्। देवगढका यादव राजा जैतुगी [ई. सं. ११९१–१२१०][३९] ले पनि नेपालीका सेनापतिहरूलाई हराएँ भनी लेखेका छन्। यी मरहट्ठा राजाहरूले सिमरावनगढका कर्णाट राज्यलाई नछिचोली नेपाल आइपुग्न सम्भव थिएन। यस कारणले यिनीहरूले नेपाल भनेर त्यस कर्णाट राज्यलाई नै सम्झेका हुन्। किनभने यो कर्णाट राज्य भएको भूभाग नेपालकै पुरानो बाहिरी भाग थियो।

१०। दशौँ शताब्दीका आरम्भदेखि अथवा केही पहिलेदेखि नै खसान्तमा मधेशतिरबाट रजपूतहरू र तिनका साथमा ब्राह्मणहरूसमेत बसाईं आउन लागेका थिए। यो ताँती पछिपछि पनि चल्दै रह्यो। यिनीहरूले पूर्व खसान्तका पुराना मल्ल राज्यको समाप्ति गराई नयाँ राजवंशको स्थापना गरे [ई. सं. ९५० अं.][४०]। यस वंशका मूल पुरुष भेरि मल्ल थिए। यस वंशले पनि मल्ल भन्ने पुराना वंशको पदवी लिएको थियो। पश्चिम खसान्तमा र कुमाउ–गढवालमा राज्य गर्ने जो पुरानो कत्यूरी राजवंश थियो, त्यसलाई पनि यिनै ताक नयाँ आएका रजपूतहरूले नष्ट गराई त्यसका ठाउँमा दुइ राज्यको जग बसाले। तिनमा पहिला राज्यको जग बसाल्ने बदिपाल थिए।✓ मगधका पाल राजाहरूको नकल गरी यस वंशले पाल भन्ने पदवी लिएको थीयो। दिल्लो (ढिल्ली) र अजमेर भन्ने राजपूतानाका शहरहरूको अनुकरण गरी मल्लहरूले दुल्लू र पालहरूले अजयमीर भन्ने आफ्ना राजधानीको नाम राखे। कत्यूरराज्यका महाकालीदेखि पश्चिमतिरका भागमा अर्को राजवंश स्थापना भयो। यस वंशका राजाहरूले कत्यूर शब्दको मूल रूप कर्तृपुरलाई भुलेर यसको संस्कृत नाम कार्तिकेयपुर राखी यसैलाई राजधानी बनाए।

आफ्ना उन्नतिका निमित्त यी तीन राजवंशहरू बिनहाबिन गरी शक्ति बढाउँदै रहेका थिए। बाह्रौँ शताब्दीका आखिरमा दुल्लूका राजा अनेक मल्ल बलवान् भई पाल र कत्यूरी राजाहरूलाई जिती गढवालमा समेत अधिकार फैलाउन पुगेका थिए [ई. सं. ११९० अं.][४१]। यिनका विजयका चिह्नहरू कुमाउमा र गढवालमा अचेलसम्म खडै रहेका छन्।

✓दुल्लूका कीर्तिस्तम्भमा यिनका नाम बदि अस्पष्ट छ। नामका अगाडिको एक अक्षर मेटिए जस्तो पनि छ। शायद पूरा नाम अवनिपाल हो।

११। दुल्लूका यस मध्यकालीन मल्लराज्यको शासन अनेक सगुताहरूमा बाँडिएको थियो। जुमाडा (अचेलको बाजुरा) का सगुता ब्राह्मण थिए। अन्यत्र कहीँ क्षत्रिय र कहीँ खसहरू सगुता भएर रहेका थिए। बाह्रौँ शताब्दीका आरम्भतिर नरियम भन्ने एक रजपूत वज्रकोटका सगुता भए। तिनका वंशधरहरूले मौका हेरी कहिले दुल्लूका मल्लहरूको, कहिले अजयमीरका पालहरूको र कहिले कार्तिकेयपुरका कत्यूरीहरूको आश्रय लिई यिनीहरूसँग विवाहसम्बन्ध जोडेका

३९ वि सं. १२४८–१२६७। ४०. अन्दाजि वि. सं. १००७। ४१. अन्दाजि वि. सं. १२४७।

हुनाले यी नरिवमको वंश एक राजवंश बन्यो। यही वज्रकोट पछिबाट बफाङ कहिन लाग्यो। यसै शताब्दीमा दुल्लूका एक मल्ल राजाका दौहित्र (छोरीका छोरा) देव चन्द अचेलका आछामका एक भागका सगुता बनेर अर्को राजवंशको जग बसाले। यसै शताब्दीमा जुम्लाका रासकोटमा पहाडी राय र छातीकोट (कुन्नादरा) मा अर्को रजपूत ❦ सगुता भएर रहे। यिनीहरूबाट दुइ थरी जुम्ली रजपूतका वंश खडा भए।

❦ वर्तमान युगका आरम्भमा कल्याल रजपूतहरूले छत्यालहरूको रजाइ नष्ट गरिदिएका हुनाले यिनको वंशावलि पाइँदैन// त्यस कारणले यिनका मूल पुर्खाको पत्ता छैन। तर शिलालेख-हरू भेटिएर पत्ता लाग्ने सम्भव पनि छ।

## [सोह्रौं परिच्छेद]–

६। नुवाकोटबाट गोरखाली हटेका केही महीनापछि काठमाडौंका योग्य राजा जगज्जय मल्लको देहान्त भयो [ई. सं. १७३३ अं.][१]। यिनले कवत ठकुलसँग मिली रियासतको बेस उन्नति गरेका थिए। यिनका जेठा छोरा अगाडि नै मरेका हुनाले माहिला छोरा जयप्रकाश मल्ल राजा भए। साहिँला छोरा राज्यप्रकाश मल्ल दाजुका सहायक भएर रहे। प्रताप मल्लले मोहनचोक बनाई यस राजभवनमा पैदा भएको बालक मात्र राजा हुन सक्तछ भन्ने नियम गरेका थिए तापनि भास्कर मल्ल गुज्रेपछि यो नियम तोडिएको थियो। जगज्जय मल्ल राजा नहुँदै जयप्रकाश र राज्यप्रकाश बाहिर जन्मेका थिए। जगज्जय मल्ल राजा भएपछि नरेन्द्रप्रकाश मल्ल मात्र मोहनचोकभित्र पैदा भएका थिए। प्रताप मल्लका नियमअनुसार राजसिंहासनको हक नरेन्द्रप्रकाशको छ भनी १७ वर्षका यी ठिटालाई काशीराम थापाले देवपाटनमा लगी राज्याभि-षेक गराए। तर अधिकांश भारादारले जयप्रकाश मल्लको पक्ष लिँदा नरेन्द्रप्रकाश मल्ल भागेर भक्तपुरमा शरण लिन पुगे। काशीराम थापा आफ्ना घर पाँगुमा गएर बसे। यस समयमा यो गाउँ मकवानपुरको रियासतमा पर्दथ्यो।

काशीराम थापा हटेपछि जयप्रकाश मल्ललाई नुवाकोटको रक्षा गर्न कठिन परेको थियो, तर यी बडा कूटनीतिज्ञ थिए। नुवाकोटबाट हटेपछि नरभूपाल शाहले जयन्त रानालाई कज्याइ-बाट झिकेका थिए। जयप्रकाश मल्लले जयन्त रानालाई गोरखालीबाट फटाएर नुवाकोटका हाकिम गराइदिए। आफ्नो (गोरखालीको) परिस्थिति ठीक ठीक जान्ने जयन्त राना पराइसँग मिल्दा गोरखा र नुवाकोटका बीचमा बलियो परखाल खडा भयो।

— दश परिच्छेददेखि सोह्र परिच्छदको पाँच प्रक्रमसम्मको कापी नपाइएकोले सो भाग खण्डित हुन गएको छ।

१. अन्दाजि बि. सं. १७९० ।

७। जयन्त रानाले जयप्रकाश मल्लको पक्ष लिँदैमा पृथ्वीपति शाहका समयमा उत्थान भएका महत्त्वाकाङ्क्षालाई गोरखाका बुद्धिमान् पुरुषहरूले त्याग गरेका थिएनन् । त्यसलाई पूरा गर्न झन् ठूला आयोजना गर्दै रहे। यिनमा जेठी रानी चन्द्रप्रभावती, महेश्वर पन्थ र भानु अर्ज्याल यस समयमा मुख्य राजनीतिज्ञ थिए । कालीनामकी एक उपरानीका सल्लाहअनुसार नरभूपाल शाह चल्ने गरेका र उनको दिमाग बिग्रँदै आएको हुनाले चन्द्रप्रभावतीले पृथ्वीनारायण शाहका शिक्षादीक्षामा विशेष ध्यान दिइन । यस छोराका आधिपत्यमा हिमालयका अरू रियासतहरू पराजित भई नेपालको राज्य स्थापना होओस् भन्ने यिनको उत्कट इच्छा थियो । यो कार्य सिद्ध गर्नाका निमित्त पृथ्वीनारायण शाहका शिक्षाका काममा महेश्वर पन्थ र भानु अर्ज्याललाई नियुक्त गरिन् । महेश्वर पन्थ गोरखाका द्रोणाचार्य थिए । भानु अर्ज्याल गोरखाका पुरोहित घरानाका एक ज्योतिषी थिए । यी पनि गोरखाली कौटल्य थिए । यिनीहरूले पृथ्वीनारायण शाहलाई शास्त्री नबनाई शस्त्र र राजनीतिका अभ्यासको शिक्षा दिए । नरभूपाल शाहका गायत्रीगुरु गोकुलविलास पण्डितको तनहुँका राजवंशसँग विशेष सम्बन्ध हुनाले यिनका छोरालाई गुरु नबनाई राम शाहका गुरुका सन्तान श्रीहर्ष मिश्रलाई काशीबाट झिकाई पृथ्वीनारायण शाहका गुरु गराइन् [ई. सं. १७३४ अं.][२] । तर गोकुलविलास पण्डितका छोरा रामहृदय पण्डितले तनहुँसँग सम्बन्ध त्याग गरी गोरखालीमा सामेल भए र पृथ्वीनारायण शाहका पक्षमा रहे ।

पृथ्वीनारायण शाहका विवाहबाट राजनैतिक लाभ उठाउने उद्योग चन्द्रप्रभावतीले गरिन् । काठमाडौँ आदि तीन मल्लरियासतलाई मकवानपुरका रियासतले दक्षिण र पूर्वपट्टिबाट घेरेको हुनाले त्यहाँका राजवंशसँग मित्रसम्बन्ध गर्न आवश्यक थियो । ई. सं. १७३४[३] तिर त्यहाँका राजा माणिक्य सेन परलोक हुँदा तिनका जेठा छोरा हेमकर्ण सेन राजा भएका थिए । तिनकी अत्यन्त रूपवती मैयाँ इन्द्रकुमारीसँग पृथ्वीनारायण शाहको विवाह भयो [ई. सं १७३६अं.][४] । विवाहपछि गौनामा ढिलाइ हुँदा दुइ बर्षपछि मधेशका एक रजपूतकी छोरी नरेन्द्रलक्ष्मीसँग यिनको दोस्रो विवाह भयो । यो सम्बन्ध गराइदिने जयमङ्गल पण्डित गोरखाका अर्का राजगुरु बने । हेमकर्ण सेनले मैयाँको गौना गरिदिएपछि यी राजा जीवित रहुन्ज्यालसम्म गोरखाली र मकवानीमा राजनैतिक मित्रभाव कायम रह्यो । ई. सं. १७२८[५] तिर विजयपुरका राजा महीपति सेन परलोक हुँदा तिनका छोरा कामदत्त सेन राजा भएका थिए । बलवान् चौतारा वा दीवान विचित्र रायसँग झगडा पर्दा यी भागेका हुनाले हेमकर्ण सेनका भाइ जगत् सेनलाई विचित्र रायले राजा थापे । यिनले कामदत्त सेन र विचित्र रायका बीचमा मेल गराई विजयपुर

२. अन्दाजि वि. सं. १७९१ । ३. वि. सं. १७९१ । ४, अन्दाजि वि. सं. १७९३ ।
५. वि. सं. १७९५ ।

छोडिदिएर चौदण्डी वा अम्बरपुरमा नयाँ राजधानी गरी यस रियासतलाई फुटाए [ई. सं. १७३५ अं.][६] । अरुनकोसीदेखि पूर्वपट्टिको पल्लो किराँत र मोरङ–तराई बिजयपुरमा रहे । पश्चिमपट्टिको माझकिराँत र सप्तरी–तराई चौदण्डी रियासतमा आए । विजयपुरमा रामहृदय पण्डितद्वारा कामदत्त सेनसँग गोरखालीको मित्रता कायम रह्यो ।

८। गोरखालीलाई पश्चिमका चौबीसी रियासतहरूका उपर ध्यान दिन झन् आवश्यक थियो । यी रियासतहरूमा तराईका आमदानीबाट पाल्पाको रियासत धनी भएको थियो । यसै धनले पाल्पालीहरू व्यसनी भएर बलबुद्धि गुमाइरहेका थिए । यही हाल तनहूँ र प्यूठानाका रियासतको थियो । भित्री भागमा परेका लमजुङ, कास्की र परबतका रियासत बलिया बनेका थिए । यिनमा पनि सबभन्दा बलियो परबतको रियासत थियो । त्यहाँका राजा मलैबम मल्ल सुयोग्य राजा थिए । यिनका घरानाकी मैयाँ बुद्धिमतीसँग नरभूपाल शाहको तेस्रो बिबाह भएको थियो । मलैबम पनि महत्त्वाकाङ्क्षी राजा हुनाले सबै चौबीसी रियासतहरूलाई आफ्ना अधीनमा ल्याएर आफू अधिराज बन्ने उद्योग थालिसकेका थिए । परबत र लमजुङका राजाहरू मिली बीचमा परेका कास्की रियासतलाई मारेर आपसमा बाँडी लिन चाहन्थे ।

यसै अवस्थामा [ई. सं. १७३१[७] मा] लमजुङका राजा भीम शाह परलोक भई उनका छोरा रिपुमर्दन शाह राजा भए । यस समयमा पृथ्वीनारायण शाह पनि १८ बर्षका युवक भई राजनीतिमा शिक्षा पाइसकेका थिए । गणेश पाँडेको गोरखामा एक क्षत्री वंश चलिरहेको थियो । यस बंशका पुरुषहरू आलोपालोसँग काजी हुँदै रहन्थे । यसै वंशका पुराना काजी भीमराज पाँडेका छोरा वंशीधर पाँडे एक योग्य पुरुष पैदा भएका थिए । यिनको वर्ण श्यामलो हुनाले कालु भन्ने नामले प्रसिद्ध थिए । यिनले रिपुमर्दन शाहसँग मित्रसम्बन्ध नगरी हाम्रो भलो छैन भनी पृथ्वीनारायण शाहलाई सुझाएर ई. सं. १७४० का आरम्भमा[८] परस्परमा मित्रताको सन्धिपत्र गराए । यस सन्धिपत्रअनुसार गोरखालीले नुवाकोट र लमजुङले अघौँ (कास्कीको पूर्वभाग) दखल गर्ने कुरा तय भयो । लमजुङका राजाले राजमुकुट पहिरेका सालमा गोरखामा आक्रमण गर्ने नियम थियो । यो सन्धिपत्र भएपछि त्यस नियमलाई तोडेर रिपुमर्दन शाहले अघौँमा आक्रमण गर्दा गोरखाली सरदार भद्र शाह मदतमा गएका थिए । यो काम सफल हुन सकेन तापनि पुराना शत्रु लमजुङेहरू मित्र बनेका हुनाले गोरखालीहरूले निश्चिन्तसँग पूर्वतिर अधिकार फैलाउने अबसर पाए ।

९। सेसाँतका रियासतहरूमा काठमाडौँ र ललितपुरका रियासतको प्राय: मेल रहन्थ्यो । यी दुवै थरी मिलेर भक्तपुरमा आक्रमण गर्ने सिलसिला चलिरहेकै थियो । यस अवसरमा काठमाडौँ

---

६. अन्दाजि वि. सं. १७९२ । ७. वि. सं. १७९६ । ८. वि.स. १७९६

र ललितपुरलाई दबाउनाका निमित्त गोरखालीहरूले भक्तपुरका राजा रणजित् मल्लसँग मित्र-सम्बन्ध गर्न आवश्यकता देखे। लमजुङसँग सन्धिपत्र भएका समयभन्दा केही महीनाअगाडि वा पछाडि रणजित् मल्ल र नरभूपाल शाहको मित्यारी लाउन भनी पृथ्वीनारायण शाह भक्तपुरमा पुगे। सिल्लीपना सर्ने डरले रणजित् मल्लले मित्यारी लाउन राजी भएनन्। तर ... न्ध कायम गर्नाका निमित्त आफ्ना एक मात्र छोरा वीरनरसिंह मल्लसँग पृथ्वीनारायण शाहको मित्यारी लगाइदिए र परस्परमा मित्र–सम्बन्ध स्थापित गरे। जगज्जय मल्लले भक्तपुरको पलाञ्चोकप्रदेश दखल गरेर लिएका थिए। गोरखालीसँग मित्रता भएपछि काशीराम थापाका भाइ पर्शुराम थापालाई आफ्ना सरहदमा भर्ना गरी उनका मदतबाट रणजित् मल्लले त्यो प्रदेश फिर्ता लिए। यस घटनापछि जयप्रकाश मल्ल र रणजित् मल्लमा वैरभाव बढ्दै गयो।

ई. सं. १७४१[९] मा जयप्रकाश मल्लका छोरा ज्योतिप्रकाश मल्ल पैदा हुँदा आफ्ना भाइ राज्यप्रकाश मल्ललाई काठमाडौँमा राख्नुपर्ने आवश्यकता नदेखेर ललितपुरमा पठाई त्यहाँका बूढा राजा विष्णु मल्लका युवराज बनाइदिए। यसै साल तनहुँका राजा कामराजदत्त सेनले यस संसारलाई छोडिदिँदा तिनका छोरा त्रिविक्रम सेन त्यहाँका राजा भए। ई. सं. १७४३[१०] मा नरभूपाल शाहको देहान्त हुँदा पृथ्वीनारायण शाह गोरखाका राजसिंहासनमा बसे।

## सत्रौँ परिच्छेद

# नेपालका रियासतयुगको अवस्था

[ई. सं. १३७९–१७४२][१]

१। वर्तमान युगको आरम्भकाल बौद्ध धर्मका अवनतिको र सनातन धर्मका पुनरुत्थानको समय थियो। भरखर उत्थान हुँदै आएका यस धर्मले एक्कासि ठूलो राज्य सह्माल्न नसक्दा पुराना राज्यका अनेक टुक्रा भई साना साना शासनक्षेत्र खडा भए। यिनका शासकहरू परस्पर स्वतन्त्र थिए। आफूलाई महाराजाधिराज र आफ्ना शासनक्षेत्रलाई राज्य भन्दथे। तर ज्यादा छोटा हुनाले यिनका शासनक्षेत्रलाई राज्य भन्न र यिनलाई महाराजाधिराज शब्दको व्यवहार गर्न उचित नदेखिँदा यिनका बदलामा यहाँ क्रमै रियासत र राजा शब्दको व्यवहार गरिएको छ।

---

९. वि. सं. १७९८। १०. वि. सं. १७९९।

१. वि. सं. १४३६–१७९९।

२। यी राजाहरूको काम प्रजापालन थियो । रियासतभित्रका लुटाहारबाट र अर्का रियासतका आक्रमणबाट प्रजाको रक्षा गर्नु यिनको अभिभारा थियो। यस कामका निमित्त रियासतका प्रजाबाट जो राजकर लिन्थे, त्यसबाट आफ्नो व्यक्तिगत खर्च पनि चलाउँथे। आफ्नो कर्तव्यपालन गर्नाका निमित्त प्रजासँग मत लिने नियम कहीँ थिएन। तैपनि धार्मिक पुनरुत्थानका प्रभावले खडा भएका हुनाले सदाचारको पालन गरी प्रजालाई पुत्रवत् सम्झने राजा धेरै भए। राजाका उत्तराधिकारी जेठा छोरा हुन्थे, यी नबचेमा यिनैपट्टिका जेठा नाति उत्तराधिकारी हुन्थे। राजवंशमा कलह प्रायः चलिरहन्थ्यो । राजाका मन्त्री र सेनापतिहरू यस कलहमा भाग लिन्थे। राजकुमारहरूकै कलहबाट रियासतहरू टुक्रिन्थे। यस कलहमा साधारण प्रजाहरू उदासीन रहन्थे।

प्रत्येक रियासतमा एक मुख्यमन्त्री रहन्थे। खसाँतका रियासतहरूमा र कुमाउँ गढवालमा मध्य युगमा मुख्य मन्त्री भएका बिष्टहरूको परिवारबाट पनि एक जना मुख्यमन्त्री लिइन्थे। तर यस युगमा अरू घरानाबाट पनि मुख्यमन्त्री लिने चलन भइसकेको थियो। पूर्वपट्टिका रियासतहरूमा मुख्यमन्त्री चौतारा कहिन्थे। मगराँतका चौबीसी रियासतहरूमा र गोरखामा समेत राजाका भाइ चौतारा हुन्थे। राजा बालक भएमा राजाका काका चौतारा भई राजाका प्रतिनिधिसमेत बन्दथे। यस्ता अवस्थामा राजाकी आमा पनि चौतारासँग मिलेर राजकाजमा साथ दिन्थे। सेसाँतका रियासतहरूमा अनेक मन्त्रीघराना हुन्थे। यिनबाट एक जनालाई छानेर चौतारा बनाउने नियम थियो । किराँतका सेनरियासतहरूमा एक मन्त्रीघराना थिए । प्रत्येक घरानाका मुख्य पुरुष चौतारा बन्दथे। मकवानपुरमा पछि बानियाँक्षत्रीको घरानाबाट मुख्यमन्त्री लिने चलन भएको थियो। मुख्यमन्त्री वा चौताराभन्दा माथि राजाका गुरु-पुरोहित रहन्थे। यिनीहरू धर्माधिकारी र न्यायाधीश हुन्थे। चौताराभन्दा मुनि काजी, सरदार, कपरदार, खजाञ्ची र जोइसी वा जोशी रहन्थे। यी काजीहरू मुसलमान काजासरहका धर्माध्यक्ष थिएनन्। जङ्गी र निजामती काममा समेत राजाका मदतगार हुन्थे। यिनका मुनि सरदार रहन्थे। कपरदारका हातमा राजाको जिन्सी माल र खजाञ्चीका हातमा नगदी रहन्थ्यो । रियासतका लेखापढीको काम जोशीका हातमा रहन्थ्यो। सेनरियासतहरूमा जोशीका बदलामा मधिसे कायस्थ रहन्थे। पदवीको नाम फरक भए तापनि कामको विभाग प्रायः सबै रियासत-मा एकैनासको हुन्थ्यो। यिनको र तल्ला श्रेणिका राजकर्मचारीहरूको पजनी प्रतिवर्ष हुन्थ्यो। यिनीहरूलाई खोस्नु, थाम्नु वा बदला गर्नु राजाका अधिकारमा रहन्थ्यो। तर जुनसुकै पदमा पनि नयाँ मानिस भर्ना गर्दा त्यस पदमा रहेर काम गर्ने वंशहरूको विशेष खयाल राखिन्थ्यो।

३। शासनको सुविस्ताका निमित्त ठूला रियासतका राजाहरू रियासतका अनेक भाग गरी प्रत्येक भागमा अलगअलग हाकिम राखेर शासनको काम चलाउँथे। तैपनि प्रत्येक प्रजाको

उजुर राजामा पुग्न सक्तथ्यो । खेतीका अनाजबाट खानिबाट, निस्केका धातुबाट र बजारमा बिक्री हुन आएका मालबाट कहीँ नगदीका रूपमा, कहीँ जिन्सीका रूपमा र कहीँ दुवै थोक राजकर लिइन्थ्यो ।

प्रत्येक रियासतका राजाका मन्त्री भारदारलगायत टहलुवासम्मको खानगीमा प्रायः जमीन भर्ना हुन्थ्यो । यिनीहरू आफ्ना खानगीका जमीनको तिरो आफ्ना इच्छाअनुसार बढाउने वा घटाउने गर्दथे । राजाहरू देवतालाई र ब्राह्मणलाई दान गर्दथे । यस्ता जमीनका मालिक गूठियार (गोष्ठीका सदस्य) र ब्राह्मण हुन्थे । कुनै रियासतका राजाहरू प्रजासँग धन लिएर जमीन बिक्री गर्थे । कुनै रियासतको भने प्रजासँग धन लिएर जमीन बन्धक मात्र दिने नियम थियो । यी किन्ने र बन्धक लिनेहरू पनि जमीनलाई आफ्नै पूरा दखलमा राख्दथे । बाँकी रैकर जमीन राजाका अधिकारमा रहन्थ्यो । यसको राजकर पनि घटबढ हुन सक्दथ्यो । खानि र पानीमा एक मात्र राजाको अधिकार रहन्थ्यो । पानीको अर्थ नदी र नालाहरू थिए । नदीको बालुवा धुँदा जो सुन निस्कन्थ्यो, त्यसको र तलाउमा रहेका माछाहरूको कर लिइन्थ्यो, त्यो जलकर कहिन्थ्यो । यस हिसाबले प्रजाहरू जमिनका मालिक थिएनन् । राजाहरूका र गूठियार–बिर्तावारका एक तरहका मोहो मात्र थिए । राजाको बिशेष काम परिआएमा प्रजाले बेठी तिरिरहनुपर्दथ्यो । तैपनि राजकर थोरै लिने नियम हुनाले प्रजा सुखी थिए ।

४। न्यायबिभागमा राजाका गुरुपुरोहितको विशेष अधिकार रहन्थ्यो । तर यिनीहरूले गरेका न्यायलाई राजाले उल्टाइदिन सक्तथे । मनुस्मृति आदि पुराना धर्मशास्त्रका ऐनअनुसार न्याय गर्ने र अपराधीलाई दण्ड दिने सिद्धान्तलाई सबै रियासतका राजाले र न्यायाधीशहरूले मानेका थिए । तर ती धर्मशास्त्र बनेका समयको समाज नरहेको हुनाले ती ऐन लागू हुन नसकी प्रत्येक रियासतमा भिन्नभिन्न ऐन बनेका थिए । संहिता वा ठेली बनाएर ती ऐनहरू लेखिएका थिएनन् । बनेका ऐन पनि अदलबदल हुँदै रहन्थे । भक्तपुरका राजा ज्योतिर्मल्लले सबै रियासतमा लागू होओस् भनेर सामाजिक ऐनका दफाहरू र ती ऐन नाघ्नेलाई दण्डको व्यवस्थासमेत तोकी संहिताको रूप दिएका थिए । यस अपूर्ण संहितालाई सेसाँतका अरू रियासतहरूले मान्ने गरे तापनि किराँत र मगराँतका रजपूतरियासतहरूले लिएनन् । गोरखाका राजा राम शाहले पनि सबै रियासतमा लागू हुन सक्ने गरी देश र काल मिलाई ऐनको रूप दिएर केही दफा तयार गरेका थिए । यसलाई चौबीसी रियासतहरूले प्रायः अपनाएका थिए । तर अरूले मानेका थिएनन् ।

मुद्दामामिलामा देवानी फौजदारीको भेद छुट्टिएको थिएन । नरहत्याका अपराधमा प्राणदण्ड हुन्थ्यो । तर चौबीसी रियासतहरूमा र गोरखामा ब्राह्मण, संन्यासी र स्त्रीजातिलाई यो दण्ड दिइँदैनथ्यो । रजपूतहरू पनि राजाका नातादार हुनाले यस दण्डदेखि बच्दथे । अरू अपराधमा पनि ब्राह्मण र रजपूतहरू हलुका दण्ड पाउँथे । राजनैतिक अपराधमा ब्राह्मण

र राजाका भैयादहरूका आँखा निकालिन्थे । अरू काटिन्थे । अरू अपराधमा शारीरिक र आर्थिक दुवै किसिमका दण्डको व्यवस्था थियो । शारीरिक दण्डमा अङ्गच्छेद ज्यादा हुन्थ्यो । कैदका नियम पनि कठोर थिए । गोवध गर्नेलाई र डाँका–चोरी गर्नेलाई प्राणदण्ड, अङ्गच्छेद वा कठोर कैद हुन्थ्यो । न्याय गर्दा साक्षी बुझिन्थे । साक्षीबाट अपराध नखुलेमा दैवी परीक्षा लिइन्थ्यो । ताता फलाम समात्नु, पकाएका तेलमा हात हाल्नु, गहिरा पानीमा डुबेर तोकिएको समयसम्म बस्नु इत्यादि यस परीक्षाका तरीका थिए । गोला हाल्नु पनि यौटा दैवी परीक्षा थियो ।

५। यी रियासतका राजाहरूमा प्राय: लडाईं चलिरहन्थ्यो । सत्रौं शताब्दीदेखि ठूला ठूला रियासतमा नयाँ राजाले राजमुकुट पहिरेपछि छिमेकका एक रियासतमा आक्रमण गर्ने नियम जस्तो बनेको थियो । मुकुन्द सेन पहिला, जगज्योतिर् मल्ल वा निवास मल्ल जस्ता शान्तिप्रिय राजा कम भए । ठूला रियासतले छिमेकका अर्का रियासतलाई जितेर आफूमा मिलाउने भरसक चेष्टा गर्दथे । निर्धा रियासतलाई आच्छुआच्छु पार्दथे । तर अर्काको वृद्धि हेर्न कोही चाहँदैनथ्यो । यस कारणले हार्न लागेका रियासतले अर्का रियासतबाट सहायता पाएर बच्दथे । तालीमी सैन्य कुनै रियासतमा थिएन । सरदारका मातहतमा राजभवनवरिपरि दश पन्ध्रदेखि लिएर डेढ दुइ सयसम्म स्थायी सैनिक रहन्थे । लडाईंका समयमा रियासतका बलियाबाङ्गा नवयुवक जम्मा गरेर सेना तयार गरिन्थ्यो । ब्राह्मणलाई सेनामा भर्ना हुने कर थिएन । तर आफ्ना खुशीले भर्ना हुनेलाई लिने नियम थियो । सेनामा प्राय: रजपूत र क्षत्री ज्यादा हुन्थे । खसाँतमा खस, चौबीसी रियासतहरूमा याकथुंबा खंबूसमेत सैनिकमा लिइन्थे । सेसाँतका मल्ल रियासतहरूमा क्षत्री र मगरबाहेक नेवार पनि भर्ना हुन्थे । तर ठूला ठूला रियासतलाई पनि एक हजारभन्दा ज्यादा सैनिक तयार गर्न कठिन पर्दथ्यो । यी रियासतहरूका वारंवारका लडाईंले गर्दा धनजनको संहार भइरहन्थ्यो । तर यी लडाईंहरूबाट रियासतका रैतीहरूमा लडाका-पन बढिरहेको हुनाले राष्ट्रका निमित्त केही लाभ पनि हुँदै थियो ।

यस पहाडखण्डमा तोप उत्रेको थिएन । भारतवर्षमा आएका यूरोपका व्यापारीसँग महँगो मोल तिरी ठूलाठूला रियासतका राजाहरूले सत्रौं शताब्दीदेखि बन्दूक खरीद गर्न थालेका थिए । शिकार खेल्नाका निमित्त राजपरिवारलाई मात्र यी बन्दूक पुग्दथे । सेनाका अफिसरका हतियार खूँडा वा तरबार थिए । साधारण सैनिकका हतियार खुकुरी र भाला हुन्थे । खुकुरीको उत्पत्ति सेँजा रियासतमा भएर किराँतसम्म पुगेको थियो ।

६। सनातन धर्मका पुनरुत्थानबाट यी रियासतहरू खडा भएका हुनाले यिनका उत्थानका साथ खसाँतबाट सदाकालका निमित्त बौद्ध धर्म बिदा भयो । नेपालका केन्द्रस्थलमा पुरन्दरसिंहका समयमा ललितपुरमा एक ठूलो बहाल र शिवसिंहका समयमा काठमाडौंमा एक सानो बहाल चैत्यसहित बने तापनि मध्ययुगका जस्ता विद्वान् बाँडाहरूको आश्रम बन्न नसकी मामूली

बाँडाहरूका वासस्थल थिए। ब्रह्मचर्यमा रहेर सदाचारको पालन गरी उपदेश दिने बाँडाहरूको अभाव हुँदा ललितपुर र काठमाडौँका नेवारहरूमा बैस जति यस धर्मबाट हट्तै गए। यीभन्दा तल्ला श्रेणीका नेवारहरूले मात्र यस धर्मलाई लिएर बसे। यिनमा कृषक व्यापारी र काली-गढ ज्यादा भएका हुनाले धनी हुन्थे। यिनैले दिएका दानका प्रभावबाट यो धर्म बचेर रह्यो।

आग्नेयदेशी जातहरूमा गुरुङले मध्ययुगमा भोटबाट बौद्ध धर्म लिएका थिए तापनि यिनका वासस्थानमा कास्की र लमजुङका रजपूतरियासत स्थापना भएपछि यिनले सनातन धर्मका सिद्धान्त र नियमहरूको आदर गरी दुवै धर्मलाई समान रूपले मान्न लागे। आफ्ना मूल वासस्थान छोडी अन्यत्र बसाइँ गएमा बौद्ध धर्मलाई बिलकुल छोडी सनातन धर्मलाई मात्र लिने नियम गरे। मुर्मी र स्यार्पाहरूले पनि मध्य युगमा बौद्ध धर्म लिएका थिए, यिनले सनातन धर्मको ज्यादा आदर गरेनन् तापनि अनादर पनि गरेनन्।

७। सनातन धर्मका पुनरुत्थानको लहर गोरखपन्थी योगी र महाविद्याहरूका उपासक ब्राह्मण क्षत्रियहरूले हिमालयका अधिकांश रियासतहरूमा फैलाए। गोरखपन्थी योगीहरूले खसाँतका बौद्ध बहालहरूको ठाउँ दखल गरी अनेक मठ स्थापना गरे। कुमाउंका राजाहरू गोरखनाथका परम भक्त भएर रहे। गोरखाका रियासतको नाम गोरखनाथकै नामबाट रहेको थियो। कुमाउँ र गोरखाका बोचका रियासतहरूमा पनि गोरखनाथको पूजा र गोरखपन्थी योगीहरूको बडो आदर हुन्थ्यो। यस पन्थका योगीहरू विद्वान्, सदाचारी र राजनीतिमा निपुण पनि हुने गरेकाले राजाहरूका दरबारमा पनि यिनको आदर हुन्थ्यो। सेसाँतका मल्ल रियासतहरूमा पहिले चौरङ्गीनाथका उपासक मुँडीहरू आएर प्रभाव जमाए। तर पछिबाट गोरखपन्थीहरू आई यिनका प्रभावलाई हटाइदिए। सोह्रौँ शताब्दीदेखि यी रियासतहरूमा संन्यासी र वैरागी, नानकपन्थी आदि संप्रदायका गृहत्यागीहरूसमेत आएर आसन जमाउँदै रहे। विजयपुर र मकवानपुरका रियासतमा संन्यासी वैरागीको प्रधानता रहेको थियो।

खसाँतका जुम्ला रियासतमा दश महाविद्याहरूमध्ये त्रिपुरसुन्दरीको र कनकसुन्दरीदेवीको स्थापना सेंजाली मल्लहरूका राज्यकालमा भइसकेको थियो। वर्तमान युगका आरम्भमा डोटीमा शिलादेवीको स्थापना भयो। दश महाविद्यामध्येकी कालीको उपासना जुम्लाका कल्याल राजाहरूले शुरू गरेका थिए। यिनीहरूले पहिला राजधानीमा कालीको स्थापना गरी कोटको नामसमेत कालीकोट राखेका थिए। अरू बाइसी र चौबीसी रियासतका राजा प्रजासमेत कालीका उपासक बन्दै गए। कालीका भक्तिका प्रभावबाट दुर्गासप्तशतीले राजाका महलहरूमा र रैतीका घरघरमा समेत मन्त्रराजको पदवी पाएको थियो। काठमाडौँका राजा प्रताप मल्लले तवरनामक आफ्ना पुर्खाका देवतालाई काली भन्ने नाम दिए। पछि तुलजा वा तलेजु भन्ने नाम रहेर यी राजदेवी बनिन्। यिनै राजाका समयमा काठमाडौँ रियासतमा गुह्येश्वरीको स्थापना भयो। यिनै ताक दोलखानेर काली-च्वाक भन्ने ठाउँमा देवीको स्थापना गरिएका थियो। यस युगमा विष्णु, शिव आदि पुराणका

देवताहरूको पूजा प्रार्थना कायमै थियो । तैपनि यो लगभग चार शताब्दीको समय गोरख–कालीका प्रधानताको युग थियो ।

८। यस धार्मिक जागृतिका प्रभावले नै खसाँतका ब्राह्मण, क्षत्रियहरू उद्योगशील भएर सखीको लेक पार भई यस वर्षका बीचमा पूर्वपट्टि सिङ्गलीला पहाडसम्म फैलिन पुगेका थिए । यस बीचमा दुइ चार थरो उपाध्याय ब्राह्मणहरू र रजपूतहरू पनि मधेसका मैदानबाट आएर पहाडखण्डमा चढी यो फैलिन लागेका ब्राह्मण र रजपूतहरूसँग मिले । यिनीहरूमा जो मगराँतमा रहेका थिए, तिनले मगरहरूलाई सनातन धर्मको शिक्षादीक्षा दिई उन्नत गराए । गोरखाली राजाहरूले यी मगरहरूलाई भारदारमा पनि लिएर क्षत्री बराबरको अधिकार दिएका हुनाले विशेष उन्नत भए । गुरुङहरूले सनातन धर्म नलिए तापनि कास्की, लमजुङ र नुवाकोटका राजाहरूले सैनिकमा लिएका हुनाले यिनीहरू पनि उच्च श्रेणीका सैनिक बने ।

परन्तु सेसाँतका मल्ल राजाहरूले आफ्ना रैती भएर रहेका मुर्मी, स्यार्पाहरूलाई सैनिकमा नलिँदा मगर गुरुङ जस्ता उन्नत हुन सकेनन् । यी मल्ल राजाहरूले आफ्ना रैती थामीलाई, मकवानपुर र विजयपुरका राजाहरूले चेपाङ र ह्यायूलाई सनातन धर्मको शिक्षादीक्षा दिएर वा सैनिकमा लिएर उन्नत गराउने चेष्टा गरेनन् । यस कारणले यिनीहरू अर्धसभ्य अवस्थामा नै रहे । किराँतका खम्बू, याखा र धिमाललाई विजयपुरका राजाहरूले सनातन धर्मको शिक्षादीक्षा नदिई त्यसै राख्दा अर्धसभ्य अवस्थामा नै रहे । याकथुम्बाका नायक विजयपुरका दोवान बन्ने नियम रहेको हुनाले यो एउटा जातले उन्नति गर्ने अवसर पायो । तपनि बौद्ध वा सनातन धर्म नलिएको हुनाले गुरुङ वा मगर जस्तो सभ्य अवस्थामा पुग्न सकेन ।

९। नेपालका केन्द्रस्थलमा बौद्ध धर्म कायम रही सनातन धर्मको विशेष वृद्धि भइरहेका समयमा कश्मीरबाट व्यापारी भएर आएका मुसलमानहरूले नेपालका केन्द्रस्थलमा बसेर काठमाडौंमा मस्जिद बनाई इस्लाम धर्मको अखाडो कायम गरे [ई. सं. १५०० अं.][२] । यसै समयदेखि मगराँत र खसाँतका अनेक रियासतका राजाहरूले चुरा बनाउने इलम भएका भारतीय मुसलमानहरूलाई झिकाए र घरजग्गा दिई राख्न शुरू गरे । गवैया र सवारको पेशा लिएर राजाहरूका सेवामा आएर पनि मुसलमानहरू अडिँदै रहे । तर इस्लामको प्रचार गर्ने स्वतन्त्रता नपाएका हुनाले यिनको सङ्ख्या ज्यादा बढ्न सकेको थिएन ।

इस्लामको प्रवेश भएका डेड दुइ सय वर्षपछि नेपालका केन्द्रस्थलमा यूरोपबाट ईसाई धर्मका प्रवाहको एक छाल आइपुग्यो । मोहनिद्रामा मस्त भएर सुतिरहेका यूरोपका जातिहरू पन्ध्रौं शताब्दीमा जागा भएर संसारभरमा फैलिन पुगे । यिनीहरू भिन्न भिन्न देशमा गएर पहिले ईसाई धर्मको प्रचार र व्यापार गर्दथे, थात–बास जमिसकेपछि राजनैतिक अधिकार जमाउन तत्पर

---

२. अन्दाजि वि. सं. १५५७ ।

हुन्थे । यस तरहका धर्मप्रचारकहरूमा जेसुइत सम्प्रदायका पादरीहरूले चीनमा र केपुचिन सम्प्रदायका पादरीहरूले भारतवर्षमा अखाडा जमाए । ई. सं. १६२८[३] मा गेब्राल, ई. सं. १६६१[४] मा ग्रूवर र डोरभिल नाम गरेका जेसुइत सम्प्रदायका पादरीहरू चीनबाट भोटको बाटो गरी काठमाडौँमा आएर अखाडा कायम गर्न नसकी भारतवर्षतिर लागे । ई. सं. १७१४[५] मा पटनाबाट भोटमा जान भनी केपुचिन सम्प्रदायका होरेसनामक पादरी काठमाडौँमा उत्रँदा यस ठाउँमा पनि एक अखाडो कायम गरी आफ्ना साथमा आएका दुइ पादरीलाई राखेर आफू ल्हासातिर गए । यस समयमा काठमाडौंमा प्लेग चम्किरहेको हुनाले यहाँ रहेका पादरीहरूले बेरामीको स्याहारसुसार र औषधि गर्नामा तत्पर भई जनतामा विश्वास जमाए । जोआचिमनामक पादरीले केही बेरामी बालकलाई ईसाई बनाएर बचाए । ई. सं. १७३२[६] मा भोटबाट होरेस फर्की भक्तपुर र काठमाडौँका केही मानिसलाई ईसाई बनाए । तर जयप्रकाश मल्लसँग झगडा पर्दा केही महीना कैदमा बसी ई. सं. १७३४[७] मा छुटेर भारतवर्षतिर जाँदा काठमाडौंको अखाडो उठ्यो । ईसाई भएका थोरै नेपालीहरू भक्तपुरमा गएर अडिए ।

१०। खसाँतका रियासतहरूमा मध्य युगमा दुइ थरी ब्राह्मण र दुइ थरी क्षत्रियका जात वा जमात खडा भइसकेका थिए । वर्तमान युगका आरम्भदेखि ब्राह्मण र अविवाहिता ब्राह्मणीका सन्तानलाई जैसी ब्राह्मणमा मिलाउने चलन शुरू भयो । यसै युगमा खसहरूले पनि क्षत्रियसमाजमा मिल्ने उद्योग आरम्भ गरे । मध्य युगका क्षत्रियहरूले खसहरूलाई प्रत्यक्ष रूपले आफ्ना समाजमा लिएका थिएनन् तापनि खसिनीपट्टिका सन्तानलाई लिने गरेका थिए । यिनलाई मात्र होइन, ब्राह्मण र क्षत्रियाणीका सन्तानलाई पनि क्षत्रिय (हमाल वा खत्री) बनाउने नियम गरेका थिए । यस युगका आरम्भमा ब्राह्मण र क्षत्रियहरूले आग्नेयदेशी जातका उपपत्नीपट्टिका सन्तानलाई पनि क्षत्रिय बनाउन शुरू गरे । यस अवस्थामा गुरुङ, मुर्मी र सुनुवारमा ब्राह्मण क्षत्रियका भेदभावको असर परी प्रत्येक जातका दुइ दुइ टुक्रा बने । गुरुङमा चार जात र सोह्र जात भन्ने दुइ बर्ग खडा भए । मुर्मीमा बाह्र तामाङ र अठाह्र जात भन्ने दुइ वर्ग छुट्टिए । अठाह्र जातमा पनि गोथार साँक्री र न्यार्पा अलग अलग भए । सुनुवारमा पनि दश थर र बाह्र थर छुट्टिए ।

नेवारी भाषा बोल्ने जनसमुदायमा ज्योतिर् मल्लले तयार गरेका सामाजिक नियमअनुसार स्थिति मल्लका समयदेखि मधेशका मैदानबाट आउन थालेका सरवरिया र तिरहुतिया ब्राह्मणहरूले आफ्ना अलग अलग श्रेणी बनाई पश्चिमबाट बसाइँ आएका ब्राह्मणदेखि छुट्टै रहने गरे । बैसराज्यका समयका ब्राह्मणहरू कर्माचार्य र जोशी भन्ने दुइ थरमा बाँडिएका थिए । तर यिनले आफ्नो अलग जमात कायम गर्न नसकी बैस जमातसँग विवाहसम्बन्ध जोडेर उसै जमातमा मिसिए । स्थिति

---

३. वि. सं. १६८५ । ४. वि. सं. १७२८ । ५. वि. सं. १७७१ । ६. वि. सं. १७८९ ।
७. वि. सं. १७९१ ।

मल्लका सन्तानहरू र यिनका घरजुवाइँहरू मधेसका मैदानबाट ताजै आएका हुनाले आफू क्षत्रिय वा रजपूत बनेर बैसहरूलाई वैश्यमा गनिदिए । यी बैसहरूले आफ्ना पुर्खाका संस्कारलाई भुलिसकेका हुनाले वैश्य कहलाउनामा नै राजी भए । यी ब्राह्मण, रजपूत, बैस आदि जमातले आफभन्दा तल्ला श्रेणीका जमातमा पैदा भएकी उपपत्नीपट्टिका सन्तानलाई आमाका जातमा मिलाउने नियम गरेका थिए । यस नियमअनुसार राजा वा राजाका नातादार रजपूतका बैसपत्नीपट्टिका सन्तान बैस नै बन्दथे । तर यिनीहरू राजाका नातादार हुनाले रियासतका भारादारमा भर्ती हुने गर्दा यिनीहरूको छथर भन्ने एक अलग श्रेणी बनी सामान्य बैसहरू पाँचथर कहलाए । बौद्ध धर्म मान्ने वाँडाहरूले यस युगका आरम्भदेखि नै विवाह गर्न शुरू गरी गृहस्थी जमात बनाए । ब्राह्मण पुरोहितका ढाँचामा बौद्ध पुरोहितका रूपमा गुरुभाजू वा गुभाजूको एक जमात खडा भयो । पुराना लिच्छवि वा ज्यापूको र अरू बौद्धहरूको अवस्था पूर्ववत् रह्यो ।

११। उत्तर भारतबर्षमा मुगलसाम्राज्य स्थापना भएपछि सुखशान्ति फैलिएको हुनाले सबै रियासतका राजा प्रजाको उसतर्फ आवतजावत बढ्दै गयो । उताबाट अनेक प्रकारका अन्न र फलफूलका बोउ ल्याएर यहाँ रोप्न लागे । सोह्रौँ शताब्दीमा यूरोपबाट आलु र सुर्तीका बीउ भारतवर्षमा उत्रेर तुरुन्त यहाँका पहाडी रियासतहरूमा पनि आए । सुर्तीका निमित्त तराईको जमीन मात्र उपयोगी भयो । तर आलु तराई र पहाडखण्डमा समेत फैलिएर अनाजका कमीलाई केही अंशमा पूरा गरिदियो । मोरङ तराईमा सन र अन्यत्र पहाड र तराईमा कपासका खेती प्रशस्त फैलिए । रङ यहीँ तयार भई अनेक रङका ऊनी र सूती कपडा बुनिन्थे । धातुहरूका खानि खुला थिए । यिनबाट भाँडावर्तन र हातहतियार प्रशस्त तयार हुन्थे ।

१२। मुगलसाम्राज्यका शान्तिमय शासनका प्रभावले भोट र उत्तर भारतवर्षका बीचको व्यापार फेरि चम्क्यो । भीम मल्लले यस व्यापारलाई बढाउनामा सफल प्रयत्न गरेका थिए । यसबाट काठमाडौँको रियासत विशेष धनी बन्यो । ललितपुर, भक्तपुर र दोलखाका व्यापारीले पनि यस व्यापारबाट लाभ लिँदै रहे । विजयपुर, परवत र जुम्लाका रियासतको पनि भोटसँग सीधा व्यापारसम्बन्ध कायम भयो । यसबाट यी रियासत पनि धनी बन्दै गए । सुन र चाँदी भोट र भारतवर्षबाट आउँथे । रेशमी कपडा भोटको बाटो गरी चीनबाट र पाटको कपडा भारतवर्षबाट आउँथे । तर यिनको पैठारी कम थियो ।

व्यापारका सुबिस्ताका निमित्त स्वतन्त्र टकको आवश्यकता थियो । नेपालमा बैसराज्य चलिरहेका समयमा उत्तर भारतवर्षका राजाहरूले टङ्क नाम गरेका चाँदीका टक चलाइदिएका र मुसलमान बादशाहहरूले पनि यी टक कायम राखेका हुनाले नेपालका पहाडी राजाहरूले यिनै टकको व्यवहार गर्ने गरेका थिए । यिनै टङ्कको नकल गरी काठमाडौँका राजा महेन्द्र मल्लले र दोलखाका राजा इन्द्रसिंहले सोह्रौँ शताब्दीमा टङ्कको अनुकरण गरी चाँदीका स्वतन्त्र टक चलाए । तर थोरै सालपछि दिल्लीका बादशाह शेरशाह सूरले टङ्क खारेज गरी एक तोला चाँदीको रुपियाँ भन्ने

टक चलाएका हुनाले मुगल बादशाहहरूले पनि यस नयाँ टकलाई थामिराखे । उत्तर भारतवर्षमा टङ्क खारेज हुँदा महेन्द्र मल्ल र इन्द्रसिंहले चलाएका टकहरू टिक्न सकेनन् । भीम मल्लले रुपियाँको ठीक आधा तौल गराई आफ्ना अधिपति काठमाडौँका राजा लक्ष्मीनरसिंह मल्लका नामबाट मोहर-नामक टङ्क चलाए । यो मोहर मुगल रुपियाँको आधा अर्थात् अठन्नीबराबरको हुनाले दुइ मोहर मिलेर एक रुपियाँ कहिन लग्यो । लक्ष्मीनरसिंह मल्लका उत्तराधिकारीहरूले र ललितपुर भक्तपुरका राजाहरूले समेत यस तरहका मोहर चलाए । भोटका निमित्त पनि भोटिया लिपि चढाएर काठमाडौँ-का राजाहरूले मोहर बनाइदिने नियम गरे । दुनियाँले लगेका चाँदीमा पनि टकसारहरूबाट टक मारिदिने गरेका हुनाले टकको मोल र त्यसमा रहेका चाँदीका मोलमा विशेष अन्तर रहँदैनथ्यो । चाँदीको तौल बराबर हुनाले नेपाली रुपियाँ र मुगल रुपियाँ प्राय: बराबरीमा चल्दथे । विजयपुर, परबत, जुम्ला आदिका राजाहरूले स्वतन्त्र टक नचलाई मुगल रुपियाँकै व्यवहार गरेका हुनाले नेपालका पहाडप्रदेशहरूका ज्यादा भागमा र तराईमा समेत मुगल रुपियाँकै चलन रह्यो ।

१३। वर्तमान युगका आरम्भमा बनेका इमारतहरू वारंवारका भूकम्पले भत्किसकेका छन् । सोह्रौँ सत्रौँ शताब्दीमा नेपालका केन्द्रस्थलमा बनेका तीन इमारत जो अचेलसम्म रहेका छन्, ती उल्लेख गर्न योग्य छन् । तिनमा पहिलो ललितपुरका राजा पुरन्दरसिंहका समयमा बनेको महाबौद्ध चैत्य छ । यसमा शुद्ध नेपालीपन पाइन्छ । दोस्रो त्यहाँका राजा सिद्धिनरसिंह मल्लले बनाएको कृष्णमन्दिर र तेस्रो काठमाडौँका राजा प्रताप मल्लले बनाएको मोहनचोकनामक राजभवन छन् । यिनमा मुगल तरीका मिसिएको स्पष्ट झल्कन्छ । यो युग नेपाली शिल्पकलाका अध:पतनको समय थियो तापनि ललितपुरका शिल्पकारहरूले आफ्नो शिल्पकलालाई बचाइराखेका थिए । राजाहरूले मुगल बादशाहहरूको वेषभूषा लिएका र उनका फारसी भाषालाई आदर गर्न लागेका हुनाले ललित-पुरका शिल्पकारहरूले मुगलशिल्पकलाको प्रभावलाई रोक्न नसक्नु स्वाभाविक थियो । हात्तीदाँत वा कमला काठ कोतरेर मूर्ति वा बेल–बुट्टा बनाउने शिल्पको उत्पत्ति मुगल शिल्पका प्रभावले नै ललितपुरमा भयो । ढुङ्गा कोतरेर कृष्णचरित्रसम्बन्धी जो चित्र सिद्धिनरसिंह मल्लले बनाएका कृष्णमन्दिरमा पाइन्छन्, तिनमा रहेको सौन्दर्य दर्शनीय छ । कपडा बुन्दा पनि देव–देवताका जो मूर्ति बुनिन्थे, तिनमा पनि निकै पाइन्थ्यो ।

पन्ध्रौँ शताब्दीदेखि बन्दै रहेका देवदेवताका, बोधिसत्त्वहरूका र राजा रानीहरूका मूर्तिहरू काठमाडौँ, ललितपुर र भक्तपुरमा प्रशस्त पाइन्छन् । देवपाटननेरका गोरक्षनाथका, महाबुद्धचैत्यमा रहेका बोधिसत्त्वहरूका र काठमाडौँका राजभवनमा रहेका नरसिंहका पत्थरका मूर्तिहरूमा भाव निकै भरिएका छन् । भक्तपुरका एक मन्दिरमा जयमल र पत्तानामक दुइ प्रसिद्ध वीर रजपूतका पत्थरका मूर्ति खडा गरिएका छन्, तर यी भद्दा छन् । गोरखामा पृथ्वीपति शाहको जो पत्थरको मूर्ति रहेको छ, त्यो पनि भद्दा छ। यक्ष मल्लका समयमा कर्णाट देशबाट आएका एक ब्राह्मणले बनाएको भैरवको पित्तलको मूर्ति पशुपतिनाथका मन्दिरनेर रहेको छ । काठमाडौँ, ललितपुर, भक्तपुर र

पशुपतिनाथका मन्दिरमा प्रताप मल्ल आदि राजाका र रानीहरूका समेत पित्तलका मूर्तिहरू रहेका छन्। यी सबै पित्तलका मूर्तिहरूमा भाव राम्ररी नआएको हुनाले दर्शकहरूका निमित्त रोचक छैनन्। प्रताप मल्लले बनाएका काठमाडौंका विश्वरूपको मूर्ति मिहीन तवरले बनेको हुनाले दर्शकहरूका निमित्त रोचक छ। यस युगको सबभन्दा पुरानो चित्र महेन्द्र मल्लको देखिन्छ। यसमा र अरू राजा रानीहरूका चित्रमा रजपूत कला र मुगल कलाको मिसावट देखिन्छ। खास नेपालीपन यिनमा पाइँदैन।

१४। मध्य युगका राज्य टुटेर बनेका सबै रियासतले संस्कृत साहित्य र दर्शनलाई लिइराखेका थिए। सबै रियासतबाट निस्केका शिलालेखहरूमा संस्कृतभाषाकै व्यवहार हुन्थ्यो। सेसाँतका मल्ल रियासतहरूका दानपत्र पनि यसै भाषामा लेखिन्थे। तर दर्शन र साहित्य पढ्ने काम प्रायः ब्राह्मणहरू मात्र गर्दथे। ललितपुरका राजा सिद्धिनरसिंह मल्ल र निवास मल्लका आश्रयमा रहेका विद्वान्हरूले अनेक ग्रन्थ लेखेका थिए। काठमाडौंका राजा प्रताप मल्ल, पार्थिवेन्द्र मल्ल र भूपालेन्द्र मल्लहरूले कवीन्द्र भन्ने पदवी लिएका थिए। यिनीहरू साँच्चिकै कवि वा विद्वान् नभए पनि विद्वान्हरूको कदर गर्दथे। भक्तपुरका राजा जगज्ज्योतिर्मल्ल र जगत्प्रकाश मल्ल साँच्चिकै कवि र विद्वान् थिए। यस कारणले भक्तपुरको रियासत संस्कृतविद्याको केन्द्र बनी रह्यो। मगराँतमा कास्की र परबतका रियासत तथा खसाँतमा डोटी र कुमाउँका रियासतहरू संस्कृतविद्याका केन्द्र थिए। सबै रियासतका साधारण क्षत्रियहरू पनि संस्कृतभाषामा शिक्षाको आरम्भ गर्दथे, तर एक-आध वर्षमा नै यो काम छोडिदिन्थे। राजकुमार र भारादारहरूका छोराहरू एकआध वर्ष फारसी पढेर थाक्दथे। तैपनि अक्षर जान्ने ब्राह्मण क्षत्रियको सङ्ख्या सयकडा पच्चीस जति मात्र हुन्थ्यो। खश र बजीहरूमा सयकडा पाँच मात्र अक्षर जान्ने हुन्थे। यी सबैका जनानाहरू निरक्षर हुन्थे। अरू आग्नेयदेशी जातका जनाना मर्दाना दुवै थरी प्रायः निरक्षर रहन्थे। जम्मा जनसमुदायमा संस्कृतभाषा जान्ने सयकडा एक दुइ जना मात्र पण्डित भई ज्ञानदीप जगाइराखेका हुनाले यिनैबाट रामायण, महाभारत आदिका कथा सुनेर अरूले ज्ञानको प्यास बुझाउँथे। बौद्धमा सयकडा एक दुइ जना गुभाजूहरू संस्कृतभाषा जान्ने र यस्तै हिसाबसँग गुरुङ, मुर्मीमा लामाहरू भोटिया भाषा जान्ने हुनाले यी भाषामा लेखिएका बौद्ध पुराण र दर्शनका कथा सुनाई बौद्ध जनतालाई ज्ञान दिलाउँथे।

यस युगका आरम्भमा प्यूठानादेखि पूर्वपट्टि बसाइँ सर्दै आउने ब्राह्मण क्षत्रियहरूमा पूर्व खसाँतका पुर्बिया बोली बोल्नेहरू ज्यादा र कुमाउनी बोली बोल्ने कम थिए। यी दुवै थरी परबतका रियासतमा मिलेर रहँदा मगर बोलीको समेत प्रभाव परी पुर्बिया बोलीको एक नयाँ रूप परबतिया खडा भयो। यो बोली खशहरूले बोल्ने बोलीहरूसँग मिल्दोजुल्दो हुनाले खशकुरा पनि कहिँदै रह्यो। परबतका मल्लराजवंशका भैयाद बगाले थापाहरूले यस बोलीलाई मगराँत, सेसाँत र किराँतमा समेत फैलाए। यिनीहरू सैनिक वृत्ति लिएर भिन्नभिन्न रियासतहरूमा गएर बसे। अनेक थरी अरू थापा, बस्न्यात, कार्की, बिष्ट आदि क्षत्रीहरूले पनि यिनको साथ दिएर सैनिक-

वृत्ति लिए । यी सबैको एउटा बोली परवतिया सैनिक बोली बन्यो । सेनामा भर्ना हुने मगर, गुरुङ आदि आग्नेयदेशी जातहरूले पनि यो बोली जानेर गाउँगाउँमा लगेका हुनाले प्यूठानादेखि विजयपुरसम्मको व्यापक बोली यही बन्यो । यस कारणले सत्रौँ शताब्दीमा प्रताप मल्लले एक शिलालेखमा र जगत्प्रकाश मल्लले अनेक नाटकहरूमा यस बोलीको व्यवहार गरे । भिन्नभिन्न बोली बोल्ने नेवार, गुरुङ, मगर, थामी आदिले परस्परमा बोलचाल गर्दा यसै बोलीको व्यवहार गर्न लागेका हुनाले सबै रियासतको सजियाँ बोली बनेर राष्ट्रभाषाको रूप लियो । नेपालको राष्ट्र फुटेर अनेक रियासत बने तापनि सबैका साजा एउटा बोली बन्न आएको हुनाले त्यसै शताब्दीमा यस बोलीले राष्ट्रभाषाको रूप लियो । राष्ट्रभाषा कायम हुनु राष्ट्रिय एकता स्थापना हुने पूर्वलक्षण थियो ।

(क्रमागत)

# श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद

—नयराज पन्त

### नेपालद्रोणीस्थपुरत्रयदुर्गोपलम्भः

#### मूलपाठः

पछाडी सुध्द गरि नेपाल घोल्याई पुरुब पश्चिमका दुनिञां हात गरि नेपाल लियाथ्या ।।

#### संस्कृतच्छाया

पार्ष्णिं शोधयित्वा नेपालद्रोणीगामिनो मार्गान् स्ववशीकृत्य प्राच्याः प्रतीच्याश् च प्रजा आनुकूलिकीः कृत्वा नेपालद्रोणीम् अजयम् ।

पद्यमयी व्याख्या

अस्मान् हन्तुं प्रसक्तान् घटितबहुबलान् पार्ष्णिमादातुकामाञ्
शोधं शोधं सपत्नान् अकरवमफलाञ् शात्रवाणां प्रयोगान् ।
मन्दं मन्दं प्रसर्पञ् शतमखककुभं मल्लभूपालराज्यं
गन्तृन् मार्गान् निरुन्धन् घटितदृढबलान् भूरिगुल्मान् अकुर्वि ॥१०१॥

पार्ष्णिम् = सैन्यपृष्ठम्
सपत्नान् = शत्रून्
शात्रवाणाम् = शत्रूणाम्
शतमखककुभम् = पूर्वां दिशाम्
भूरिगुल्मान् अकुर्वि = बहून् मार्गनिरोधकसैनिकनिवेशान् अस्थापयम्

मा भूत् पीडा प्रजानाम् इति नयविदितं राजमार्गं यियासौ
षाड्गुण्यं सेवमाने मयि तुहिनगिरिं मे यशो व्यश्नुते स्म ।
लोकाः प्राच्याः प्रतीच्या अपि निजमनसा मे ऽभवन् सिद्धिकामा,
भूपाला मल्लवंश्या अजनिषत ततो राज्यहीनास् त्रयो ऽपि ॥१०२॥

यियासौ = जिगमिषौ

## साम्राज्यद्वयमध्यवर्ती लघुतरो देशः

मूलपाठः

उप्रान्त ॥ यो राजे दुई ढुंगाको तरूल जस्तो रहेछ.

संस्कृतच्छाया

अथ नेपालराज्यम् इदं पाषाणद्वया ऽन्तरालोद्भवेन दीर्घकन्देन सदृशं प्रतिभाति ।

पद्यमयी व्याख्या

आस्ते नेपालदेशो भरतवसुमती–चीनयोर् मध्यवर्ती,
स्तः साम्राज्ये उभे ते प्रथितबहुबले विस्तृते विश्रुते च ।

साम्राज्यद्वन्द्वसीमायुगमपि वपुषा गाहमानो निजेन
नेपालः स्वल्पदेहो ऽप्यधिधरणि चिरात् संस्थितिं स्वां बिभर्ति ।।१०३।।

अधिधरणि = पृथिव्याम्

ते साम्राज्ये उभे च प्रणिहितमनसो दत्तनेत्रे सदैव
कार्ये नैपालके स्तो निजहितविधये स्पर्धमाने मिथश् च ।
साम्राज्यद्वन्द्वनीत्योर् अपि निजनयने प्रेषयन्तः स्वकीये
सामर्थ्ये तिष्ठमाना वयमपि सततं जागरूका असाम ।।१०४।।

सामर्थ्ये तिष्ठमानाः स्थेया ऽर्थे आत्मनेपदम्

**चीनचक्रवर्तिना सह सम्बन्धः**

**मूलपाठः**

चीनबादसाहसित ठुलो घाहा राख्नु.

संस्कृतच्छाया

चीनचक्रवर्तिना सह सुश्लिष्टः सन्धिर् विधेयः ।

पद्यमयी व्याख्या

नेपालाद् उत्तरस्यां दिशि विपुलतरो वर्तते चीनदेशस्,
तं मञ्चूवंशजातः पृथुतरमहिमा शास्ति राजा ऽधिराजः ।
मञ्चूवंशस्य वश्या धरणिपतिपतेः सन्ति देशाः प्रभूता,
आस्ते चीना ऽधिराजः ककुभि धनपतेश् चक्रवर्ती प्रसिद्धः ।।१०५।।

धरणिपतिपतेः = महाराजा ऽधिराजस्य
धनपतेः ककुभि = उत्तरस्याम्

चीनेशाः सार्वभौमा बहुतिथसमयाद् एव नेपालपाश् च
काले काले स्वदूतैर् विदितपरिचया आसते ऽन्योन्यमेव ।

अत्यन्तं दूरगत्वाद् विषमपथतया कष्टदत्वाद् गमस्य
सम्बन्धस् तु प्रजानां भवति तनुतरश् चीन–नेपालजानाम् ।।१०६।।

गमस्य = यात्रायाः

प्राकारा ऽऽकार आस्ते तुहिनवृततनुः शैलराजा ऽधिराजस्,
तस्योदीच्यं विभागं श्रयति जनपदो भोटनाम्ना प्रसिद्धः ।
याम्यं भागं हिमा ऽद्रेः श्रयति जनपदः ख्यातनेपालनामा,
वर्तेते संनिकृष्टौ श्रिततुहिनगिरी भोट–नेपालदेशौ ।।१०७।।

तुहिनवृततनुः शैलराजा ऽधिराजः = हिमालयः

भोटे देशे कुलीना धरणिपरिवृढा ना ऽऽसते, किन्तु तस्मिन्
देशे लामा ऽऽभिधाना विदधति नृपतां भिक्षुवेषा मठेशाः ।
याते पूर्वे मठेशे सुरपुरमपरो भिक्षुराप्नोति पीठं,
वैधस् तस्या ऽभिषेको भवति यतिपतेश् चीनपाला ऽनुमत्या ।।१०८।।

धरणिपरिवृढाः = राजानः

भोटं स्वैरं प्रशास्ति प्रतनुजवनिका ऽऽन्तर्हितश् चीनसम्राट्,
सम्बन्धा भोटनिष्ठा विविधविषयकाः सन्ति नैपालकानाम् ।
सम्बन्धी भोट आस्ते, तदधिपतिपतिर् वर्तते चीननाथस्,
तस्माद् दूरो ऽपि सम्राट् स भवति निकटो दर्शने त्वस्मदीये ।।१०९।।

प्रतनुजवनिका ऽऽन्तर्हितः = सूक्ष्मतरवस्त्रच्छन्नः
नैपालकानाम् = नेपालदेशजानाम्
तदधिपतिपतिः = भोटदेशस्वामिनो ऽपि स्वामी

आस्माकाः सार्थवाहा बहुतिथसमयाद् भूरिपण्या व्रजन्ति
भोटं, तस्मिन् निषद्या अधिपुरि बहवः सन्ति नैपालकानाम् ।
भोटस्था अस्मदीयाः क्वचन नहि जनाः कष्टभाजो भवेयुर्
इत्यर्थश् चिन्तनीयः सततमवहितैर् अस्ति नेपालपालैः ।।११०।।

निषद्याः = आपणाः
अधिपुरि = नगर्याम्

अस्माकं बाह्यनीतिः स्पृशति जनपदं भोटमस्यैव हेतोः,
स्वच्छन्दा भोटनीतिर् नहि चलति, परं सा ऽ। स्ति चीनस्य वश्या ।
अत्यन्तं विप्रकृष्टे प्रकृतिनियमतश् चीन-नेपालनीती
जायेते पृक्तदृष्टी विदितपरिचये भोटदेशं प्रपद्य ।।१११।।

अत्यन्तं विप्रकृष्टे = दूरतरे
पृक्तदृष्टी = संयुक्तदर्शने

आस्ते चीना ऽधिराजः प्रथितबहुबलो ऽत्यन्तविस्तीर्णराज्यः,
सम्राजा तेन साकं भवति सुघटितः श्रेयसे सन्धिरेव ।
भोटे नैपालकानां भवतु हितमथो सौम्यसीमासुरक्षा
नेपालस्या ऽस्तु चेति प्रणिहितहृदयाश् चीनमैत्रीं विधत्त ।।११२।।

सौम्यसीमासुरक्षा = उत्तरसीमासुरक्षा
विधत्त = कुरुत

## आङ्ग्लैः साकं सम्बन्धः

### मूलपाठः

दषिनको समुन्द्रका बादसाहसित घाहा ता राष्नु. तर त्यो महाचतुर छ. हिन्दुस्थाना दबाई राषेछ. सरजिमीमा परिरहेछ. हिन्दुस्थाना जाग्यो भन्या कठिन् पर्ला भनि किल्ला षोजन आउन्याछ. सन्धीसर्पन् हेरि गडि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो बल आउन्याछ. जाइ कटक् नगर्नु. ञिकी कटक् गर्नु र चुरेघाटिमा षुवै काटिन्याछ. पाच सात पुस्तालाई षजना पनि मिल्नेछ. श्रीगंगाजिको साध पनि लाग्नैछ. लडाईमा पुकेन भन्या लोलोपोतो अनेक कलछल गरिकन पनि

### संस्कृतच्छाया

दक्षिणस्यां दिशि वर्तमानः समुद्रा ऽधिपतिः सम्राट् सन्धेयः। परं स धूर्तराजो ऽस्ति। स भारतवर्षं समाक्रामन् वर्तते । प्रतिवेशिभिर् भूपैः सह स इदानीं युध्यमानो वर्तते । भारतवर्षीया राजानः संगच्छेरंश् चेद् मम शरण्यः को ऽपि न स्याद् इति विचार्य गौरवक्त्रो नेपाले स्वीयदुर्गं रचयितुम् आगच्छेत्। युद्धे स्थानेऽपसारे चा ।ऽनुकूलिकतां विचार्य यूयं दुर्गाणि रचयत। आङ्ग्लानाम् आगमनमार्गे ऽपि स्थाने स्थाने निरोधकान् रचयत । आङ्ग्लसेना नेपालं जेतुकामा निश्चितम् एवा ।ऽगमिष्यति । यूयं युद्धे

यायिनो न भवत, किन्तु स्थायिनो भवत। चूरेपर्वतकटकभवे युद्धे शत्रुसेनाया महान् नाशो भविष्यति । पुत्रपौत्रीणानि युद्धोपकरणानि यूयं प्राप्स्यथ। अस्मद्राज्यस्य दक्षिणा सीमा च गङ्गातटं प्राप्स्यति। युद्धे पराजयं प्राप्य बहिः शत्रुतां विहाय स धूर्तराजो व्याजान् कृत्वा ऽपि मोहयितुम् अभिलषिष्यति।

पद्यमयी व्याख्या

नेपालाद् दक्षिणस्यां दिशि निकटतरं भारतं वर्षमास्ते,
तत्रा ऽस्ते ऽङ्ग्रेजजातिः प्रतिदिनमधुना वर्धमानप्रतापा ।
दूरे मध्येसमुद्रं निजजननमही वर्तते ऽङ्ग्रेजजातेः,
सा षाड्गुण्यं प्रयुङ्क्ते भरतवसुमतीं जेतुकामा समग्राम् ।।११३।।

सम्बन्धा अस्मदीया बहुलविषयका आसते भारतेन,
सन्धिः स्याच् श्रेयसे ऽतः सितमुखपतिना भारतस्थेन सार्धम् ।
किन्त्वास्ते धूर्तराजः सितमुखनृपतिस् तेन सार्धं विधातुं
सन्धानं तच्चरित्रं प्रणिहितमनसा सम्यगालोचनीयम् ।।११४।।

सितमुखः = अङ्ग्रेजः

आपारावारकूलं बहुलजनपदं भारतं वर्षमास्ते,
साम्राज्यं भारतीयं मुगलकुलभवैर् भुज्यते भूमिपालैः ।
एते भूपा बभूवुः सकलभरतभूक्रान्तिदृष्टप्रतापाः
शक्त्या नीत्या च सर्वान् अपि धरणिभुजस् त्रासयामासुरेते ।।११५।।

आपारावारकूलम् = समुद्रतीरपर्यन्तम्

वाणिज्यं कर्तुकामा कतिचन चतुरा जातयो बद्धसङ्घा
दूराद् यूरोपदेशाज् जलधिपरिवृताद् भारतं वर्षमायन् ।
विद्या सांयात्रिकैस् तैः कुहकविषयका वर्तते ऽभ्यस्यमाना,
धूर्तास्वेतासु जातिष्वपि चतुरतमा वर्तते ऽङ्ग्रेजजातिः ।।११६।।

सांयात्रिकः = पोतवणिक्

'एवं बहुधा यन्त्रं स्वयंवहं कुहकविद्यया भवति' इति सिद्धान्तशिरोमणौ यन्त्राध्याये ५६ पद्ये भास्करः १२०७ वैक्रमाब्दे जगाद। 'इयं स्वयंवहविद्या समुद्रान्तर्निवासिजनैः फिरङ्ग्याख्यैः सम्यगभ्यस्तेति।'

इति सूर्यसिद्धान्तस्य ज्योतिषोपनिषदध्यायस्य २२ श्लोकस्य स्वोपज्ञगूढार्थप्रकाशटीकायां रङ्गनाथः १६५६ वैक्रमाब्दे जगाद । अतो यन्त्रविद्यां कुहकविद्येति पूर्वा । ऽ चार्या मन्यन्ते स्मेति ज्ञायते ।

स्वामिन् राजा ऽ धिराज प्रभुवरचरणौ सेवितुं दूरदेशाद्
आगच्छाम प्रभूतं बहुदिवसभवं मार्गकष्टं विषह्य ।
राजेन्द्रं सेवमाना अवनतशिरसो भारते वर्तमानाः
सम्यक् शुल्कं ददाना नियममनुगताः कुर्महे पण्यवृत्तिम् ।।११७।।

सम्बद्धं राजनीत्या क्वचन किमपि नो कुर्महे कार्यजातम्,
अस्माकं भारते स्याद् वसतिरनुमता राजराजप्रसादात् ।
इत्थं राजा ऽ धिराजं मुगलकुलभवं प्रार्थयन्ते स्म शश्वद्
अङ्ग्रेजाः सार्थवाहा अधिकृतपुरुषं पूजयन्ति स्म रत्नैः ।।११८।।

आयं शुल्कात् समुत्थं विपुलतरमिमे सार्थवाहा विदध्युः,
सम्पद्येरन् पदार्था अपि सुलभतरा दूरदेशा ऽ न्तरस्थाः ।
इत्थं सञ्चिन्त्य सम्राड् मुगलकुलजनिः प्रार्थनां स्वीचकार,
स्थाने स्थाने बभूवुर् भरतभुवि शनैर् आपणा आङ्ग्लजातेः ।।११९।।

आङ्ग्लश्रेणी बभार प्रतिदिवसमिव श्रीकृपादृग्विलासान्,
सा श्रेणी मन्दमन्दं लघुतरधरणीपालरूपं च भेजे ।
नौकायाने प्रवीणा मुगलनृपचमूं सिन्धुयुद्धे जयन्ती
सा श्रेणी मन्दमन्दं भरतधरणिजां राजनीतिं सिषेवे ।।१२०।।

श्रेणी = शिल्पिनां वणिजां च संहतिः

श्रेणीस्वरूपं यथा मन्दसोरस्थे नवविंशत्यधिकपञ्चशत(५२९)मितस्य वैक्रमाब्दस्या ऽ-भिलेखे

...श्रवणसुभगं धानुर्व्वेद्यं दृढं परिनिष्ठिताः सुचरितशतासङ्गाः केचिद्विचित्रकथाविदः ।
विनयनिभृतास्सम्यग्धर्म्मप्रसङ्गपरायणाः प्रियमपरुषं पत्थ्यं चान्ये क्षमा बहु भाषितुं ।।१६

केचित्स्वकर्म्मण्यधिकास्तथान्यैर्व्विज्ञायते ज्योतिषमात्मवद्भिः ।
अद्यापि चान्ये समरप्रगल्भाः कुर्व्वन्त्यरीणामहितं प्रसह्य ।।१७

प्राज्ञा मनोज्ञवधवः प्रथितोरुवंशा वंशानुरूपचरिताभरणास्तथान्ये ।
सत्यव्रताः प्रणयिनामुपकारदक्षा विस्रम्भपूर्व्वमपरे दृढसौहृदाश्च ।।१८
विजितविषयसङ्गैर्द्धर्म्मशीलैस्तथान्यैर्मृदुभिरधिकसत्वैर्ल्लोकयात्रामरैश्च ।
स्वकुलतिलकभूतैर्मुक्तरागैरुदारैरधिकमभिविभाति श्रेणिरेवंप्रकारैः ।।१९
स्पर्शवता वर्णान्तरविभागचित्रेण नेत्रसुभगेन ।
यैस्सकलमिदं क्षितितलमलंकृतं पट्टवस्त्रेण ।। २१
चतुस्समुद्रान्तविलोलमेखलां सुमेरुकैलासबृहत्पयोधराम् ।
वनान्तवान्तस्फुटपुष्पहासिनीं कुमारगुप्ते पृथिवीं प्रशासति ।।२३
समानधीश्शुक्रबृहस्पतिभ्यां ललामभूतो भुवि पार्त्थिवानां ।
रणेषु यः पार्त्थसमानकर्म्मा बभूव गोप्ता नृपविश्ववर्म्मा ।।२४
तस्यात्मजः स्थैर्य्यनयोपपन्नो बन्धुप्रियो बन्धुरिव प्रजानां ।
बंध्वर्त्तिहर्ता नृपबन्धुवर्म्मा द्विड्दृप्तपक्षक्षपणैकदक्षः ।।२६
तस्मिन्नेव क्षितिपतिवृषे वंधुवर्म्मण्युदारे सम्यक्स्फीतं दशपुरमिदं पालयत्युन्नतांसे ।
शिल्पावाप्तैर्द्धनसमुदयैः पट्टवायैरुदारं श्रेणीभूतैर्भ्भवनमतुलं कारितं दीप्तरश्मेः ।।२९
मालवानां गणस्थित्या याते शतचतुष्टये ।
त्रिनवत्यधिकेऽब्दानामृतौ सेव्यघनस्तने ।। ३४
सहस्यमासशुक्लस्य प्रशस्तेह्नि त्रयोदशे ।
मङ्गलाचारविधिना प्रासादोयं निवेशितः ।। ३५
बहुना समतीतेन कालेनान्यैश्च पार्त्थिवैः ।
व्यशीर्य्यतैकदेशोस्य भवनस्य ततोधुना ।।३६
स्वयशोवृद्धये सर्व्वमत्युदारमुदारया ।
संस्कारितमिदं भूयः श्रेण्या भानुमतो गृहं ।। ३७
वत्सरशतेषु पंचसु त्रिंशत्यधिकेषु नवसु चाब्देषु ।
यातेष्वभिरम्यतपस्यमासशुक्लद्वितीयायां ।।३९
श्रेण्यादेशेन भक्त्या च कारितं भवनं रवेः ।
पूर्व्वा चेयं प्रयत्नेन रचिता वत्सभट्टिना ।।४४

(दीनेशचन्द्रसरकारकर्तृकस्य कलकत्ताविश्वविद्यालयेन १९९९ वैक्रमाब्दे प्रकाशितस्य सिलेक्ट् इन्स्क्रिप्शन्ज् (उत्कृष्टा अभिलेखा) इत्याख्यस्य ग्रन्थस्य २९२–२९७ पृष्ठेभ्य उद्धृतो ऽ शः)

सिन्धुयुद्धे = समुद्रयुद्धे

ना ।ऽ सीत् सम्यक्प्रतिष्ठा मुगलनृपकुले यौवराज्यव्यवस्था,
तस्मात् सर्वे कुमारा धरणिपतिपदे बद्धतृष्णा बभूवुः ।
ताते रुग्णे मृते वा नृपतिपदकृते मौगला राजपुत्रा
अन्योन्यं युध्यमाना व्यतनिषत पृथुं प्राणहानिं व्ययं च ।।१२१।।

धर्मा ऽ न्धत्वं प्रपन्नाः कतिचन मुगलाः सार्वभौमा बभूवुर्,
वैराग्यं तद्नयेन प्रकृतिषु शनकैर् बद्धमूलं बभूव ।
छिद्रं साम्राज्यगेहे व्यधिषत मुगलैर् बद्धवैरा मराठा,
मन्दं मन्दं प्रतापो मुगलकुलभवः क्षीयमाणो बभूव ।।१२२।।

विक्रान्तः पारसीको भरतवसुमतीं नादिरो भूरिसैन्य
आगच्छद्, राजधानीं क्षतहृतविभवां कारयामास दिल्लीम् ।
उष्ट्रा ।ऽ श्वैर् वाहयित्वा मणिकनकचयं नादिरे स्वीयदेशं
याते वीक्षाम्बभूवे मुगलकुलभवा दीनता सर्वलोकैः ।।१२३।।

इत्थं राजा ऽ धिराजे मुगलकुलभवे क्षीयमाणप्रतापे
राजस्थानीयवर्गे प्रसभमिव पदं वंशसात् कर्तुकामे ।
साम्राज्याद् मन्दमन्दं पृथगिव विषयो दाक्षिणात्यो बभूव,
बङ्गालो ऽ भूत् तथैवा ऽ नुकरणमवधे तस्य कार्यस्य जज्ञे ।।१२४।।

दीना ऽ। वस्था च राजव्यसनसमुदिता भारतं वर्षमेव
व्याप्नोत्, यस्याः स्वरूपं प्रकटितमभवद् वङ्गदेशे निकृष्टम् ।
सेनान्या कारयित्वा निजधरणिभुजे द्रुह्यता युद्धभूमौ
विद्रोहं गर्धयित्वा तमपि च वणिजः प्रापुराङ्ग्ला नृपत्वम् ।।१२५।।

गर्धयित्वा = मिथ्याफला ।ऽ ख्यानेन वञ्चयित्वा

स्पर्धा सांयात्रिकाणां विविधजनपदस्थायिनां वर्तते, ऽ स्माद्
आत्मा ऽ धीनां वणिज्यां रचयितुमनसः कुर्वते संयुगांस् ते ।
वाणिज्यं भारतीयं वशयितुमनसां साम्प्रतं नैगमानां
नौयाने ऽ तीव दक्षा रणभुवि जयितां प्राय आङ्ग्ला लभन्ते ।।१२६।।

संयुगान् = युद्धानि
नैगमाना= वणिजाम्

मैसूरा ऽऽख्ये प्रदेशे जलनिधिनिकटे दक्षिणस्यां दिशायां
भूपालो वीर्यशाली यवनकुलजनिर् वर्तते हैदरा ऽऽख्यः ।
जित्वा सङ्ग्रामभूमौ सितवदनचमूं विद्रुतां कुर्वतो ऽस्य
स्मृत्वा स्मृत्वा ऽवदानं भयचकितमना जायते ऽङ्ग्रेजलक्ष्मीः ॥१२७॥

अवदानम् = पूर्वचरित्रम्

वर्तन्ते सांयुगीना अपरजलनिधेः सन्निधिस्था मराठा,
दासीकर्तुं न शेकुर् मुगलकुलनृपा हिन्दुवंश्यान् मराठान् ।
स्वैः सैन्यैः सञ्चरन्ते भरतवसुमतीं कम्पयन्तो मराठास्,
तेभ्यः संत्रस्तचित्ता निशि शयनसुखं नो लभन्ते सिता ऽऽस्याः ॥१२८॥

सांयुगीनाः = रणनिपुणाः

दायादैः पीडयमानो मुगलकुलनृपो निर्ययौ राजधान्या,
वंश्यं साम्राज्यपीठं सितवदनबलाद् आत्मवश्यं विदध्याम् ।
इत्याशाबद्धचित्तः सितवदनकरे सो ऽधिकारं प्रभूतं
प्रायच्छत्, किन्तु काले गतवति बहुले ऽपीप्सितं ना ऽऽससाद ॥१२९॥

आत्मानं गौरवक्त्रैर् मुगलकुलनृपो विप्रलब्धं विचार्य
वीक्षाञ्चक्रे मराठान् सितवदनरिपून् मित्रतापूर्णदृष्ट्या ।
तस्मिन् भूपे मराठाबलपतिसहिते देहलीं राजधानीं
सा ऽऽनन्दं संप्रविष्टे सितमुखहृदयं दीर्घचिन्ता विवेश ॥१३०॥

आर्यावर्ते मराठाबलमभिभवितुं साम्प्रतं को ऽपि नेष्टे,
त्वां मां हन्युर् मराठा इति सितवदनो हिन्दुभीतिं प्रदर्श्य ।
स्वल्पं खण्डं धरित्र्या अवधनृपतये म्लेच्छवंशोद्भवाय
दत्त्वा सन्तोष्य भीतं प्रमुदितमनसं चा ऽकरोत् तं स्वपक्षे ॥१३१॥

नेष्टे = न शक्नोति

आस्ते शूरं मराठाबलमतिबहुलं सर्वतः सञ्चरिष्णु,
कर्तव्ये तद्निरोधे तदधिकविनयं भूरि सैन्यं विधेयम् ।

मा भूच् चिन्ता त्वदीया भटगणविनये, द्रव्यचिन्ता ऽस्ति किञ्चिद्,
इत्यादत्ते पटीयान् अवधनरपतेर् अर्थराशिं सिता ऽस्यः ॥१३२॥

विनयः = सैन्यानां शिक्षणं नियमनं च

साहाय्यं कर्तुकामा अवधनरपतेर् युद्धभूमौ धना ऽर्थं
गत्वा पञ्चालदेशं यवनकुलभवैः सांयुगीनै रुहेलैः ।
सार्धं घोरं सिता ऽस्या व्यधिषत समरं, बद्धसङ्घा रुहेलाः
स्वातन्त्र्यं त्रातुकामा अशयिषत रणे भूरिसङ्ख्याश् चिराय ॥१३३॥

अन्योन्यं युध्यमाने भरतवसुमतीपालवर्गे सिता ऽस्य
एकस्या ऽदाय पक्षं परनृपतिमहीम् आत्मभोग्यां विधत्ते ।
एतद्रीत्या समस्तान् भरतवसुमतीपालकान् नाशयित्वा
साम्राज्यं भारतीयं सितवदनपतिर् वर्तते भोक्तुकामः ॥१३४॥

जानीयुः कालगत्या भरतवसुमतीपालका एतमर्थं,
दीप्येत क्रोधवह्निः प्रति सितवदनं तुल्यरूपस् तदीयः ।
तस्मिन् काले शरण्यो नहि भवति पुरा गौरवक्त्रस्य कश्चिज्,
जानीते सूक्ष्ममेतं विषयमतिपटुर् गौरवक्त्रा ऽधिराजः ॥१३५॥

नहि भवति पुरा = निश्चितं न भविष्यति

आपत्तौ दुर्गमेव प्रभवति शरणस्थानमस्माकमस्माद्
दुर्गाणां दुर्ग्रहाणां भवति विरचना सर्वतः श्रेयसे नः ।
नेपाले शैलदुर्गं भवति हितकरं चेति चित्ते विभाव्य
नेपालं जेतुकामो न भवति न पुरा गौरवक्त्रा ऽधिराजः ॥१३६॥

न भवति न पुरा = निश्चितं भविष्यति

अस्मान् उच्छेत्तुकामाः समय उपगते स्वा ऽनुकूले सिता ऽस्या
आगच्छेयुः प्रभूतोपकरणसहिता भूरिसैन्याः प्रसह्य ।
अस्माभिश् च व्यवस्था समुचितविधिना युद्धहेतोर् विधेया,
किं वा राष्ट्रं निपात्य स्वयमपि पतितैर् म्लेच्छदास्यं निषेव्यम् ॥१३७॥

अस्माकं राष्ट्रमेतद् वशयितुमनसो दक्षिणस्या दिशाया
आगच्छन्ति प्रभूता अहितजनभटा यावदित्थं विचार्य ।
स्थाने युद्धे ऽपसारे ऽपि समुचिततरान् भूमिभागान् परीक्ष्य
दुर्गाणां दुर्ग्रहाणां भवतु विरचने युष्मदीयः प्रयत्नः ।।१३८।।

यावद् आगच्छन्ति = निश्चितम् आगमिष्यन्ति

कस्मिंश्चित् स्वाऽनुकूले ऽह्नि सितमुखपो व्याजमादाय कश्चिद्
नेपालं जेतुकामो घटितबहुबलो निश्चयं विग्रहीता ।
आङ्ग्ले युद्धे भवद्भिस् त्ववहितहृदयैः स्थायिता सेवनीया,
यायित्वं युष्मदीयं नहि भवति पुरा तत्र कल्याणकारि ।।१३९।।

नहि भवति पुरा = निश्चितं न भविष्यति

चूरेनाम्ना प्रसिद्धे शिखरिणि कटके वर्तमानाः कठोराः
सङ्कीर्णाः सन्ति मार्गा, वसतु दृढबला तत्र सेना ऽस्मदीया ।
तत्रैवा ऽङ्गलध्वजिन्या सह भवतु रणो, भूरयः शत्रुसैन्या
गच्छेयुः प्रेतराजा ऽतिथिगृहमपरे क्वा ऽपि दूरं पलाय्य ।।१४०।।

शिखरिणि = पर्वते
कटके = पर्वतमध्यभागे

युष्माभिर् हन्यमाना सितमुखपृतना ऽनुक्षणं क्षीयमाणा
सङ्ग्रामे शस्त्रजातं निजमपि भविता रक्षितुं नो समर्था ।
आदातुं शस्त्रजातं निखिलमपि रिपोर् ईशिताध्वे च यूयम्,
एता नेपालसीमा हरिति पितृपतेर् जह्नुजायाश् च तीरम् ।।१४१।।

एता = गन्ता
पितृपतेर् हरिति = दक्षिणस्याम्

नेपालं स्वीयदुर्गं रचयितुमनसो गौरवक्त्रा ऽधिपस्य
सम्पद्येता ऽभिलाषः समरभुवि यदा भङ्गलाभाद् हता ऽर्थः ।
बाह्यं वैरं तदानींप्रभृति तु शनकैर् गौरवक्त्रा ऽधिराजो
हित्वा हित्वा ऽऽददीत प्रकटितसुमुखो बाह्यमित्रस्वरूपम् ।।१४२।।

वाणिज्यं वर्धनीयं शुभफलमुभयोर् आवयोर् एव सिद्ध्येद्,
इत्युक्त्वा ऽ। र्थप्रणाल्या सितवदनपतिर् भेदमाधातुमिच्छेत् ।
धर्मव्याजेन किं वा कुहकविधिपटुर् गौरवक्त्रा ऽ धिराज
एतद् दुर्गं ग्रहीतुं नवनवविषयान् दर्शयेद् मोहयेच् च ।।१४३।।

कुहकविधिपटुः = यन्त्रविद्यायां चतुरः

अस्माकं देश आस्ते नृपतिनयविदां लोभनीयः पदार्थ,
आस्ते गौरा ।ऽस्यराजो नृपतिनयपटुर् धूर्तराजा ऽ। धिराजः ।
जीवद्मृत्योः समानं न भवति न पुरा जीवनं म्लेच्छदास्ये,
चिन्तैषा जागरूका निवसतु सततं मानसे युष्मदीये ।।१४४।।

न भवति न पुरा = निश्चितं भविष्यति

## दुर्गव्यवस्था

### मूलपाठः

यो नेपालको तषत किल्ला हो. यो किल्ला पायो भन्या चारै बादसाहलाई वह्राला लाउनैछ, इस्वरले रचना गन्याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ. सिबपुरि १ फुलचोक २ चन्डागिरि ३ महादेउपोषरि ४ पालुं ५ दाप्चा ६ काहुल्या ७ ईनमा पनि किल्ला पकी बनाउनु. किल्लापिछे तोप लम्छट् गरि राषीदिनु र जति भञ्ज्यां ई छन भञ्ज्यांपीछे यक यक फलामे ढोका बनाई ढोकापिछे यक यक तोप लम्छट् गरि राषीदिनु र पपांच सिपाहि राषीदिनु र यस्व भयापछि चेवा गर्न्या चर्चा गर्न्या भगन्या नास्न्या ढुकूवा फसादि षुनि यस्ताहरूको पनि केही चल्नेछैन. चारै बादसाही चढाई गरि आयो भन्या पनि कसैको केही चल्न्य रहेनछ.

### संस्कृतच्छाया

इयं नेपालद्रोणी दुर्गरूपा वर्तते । अस्य दुर्गस्या ।ऽश्रये लब्धे चतुरो दिगीशान सार्वभौमान् अपि दमयितुं प्रभवेत् समरपटुर् जनः । इयं नेपालद्रोणी दैवं दुर्गरूपं वहतीति न संस्कारम् अपेक्षत इति ज्ञायते । शिवपुरीशिखरे फुल्लोच्चशिखरे चन्द्रागिरिशिखरे महामण्डपशिखरे पालुङशिखरे दापचाशिखरे काहुल्याशिखरे चेति सप्तसु पर्वतशिखरेषु दृढानि दुर्गाणि रचयित्वा तत्र शतघ्न्यः स्थापनीयाः '। पर्वता ऽ धित्यकागतमार्गेषु प्रतिमार्गं लोहमयं द्वारं रचनीयम्, प्रतिद्वारं शतघ्नी स्थापनीया, तत्र पञ्चशो

भटाश् च नियोक्तव्याः । एतादृशे दुर्गरक्षाविधाने कृते सति शत्रुचराणां तत्सहायकानां पलायमानानां विध्वंसकानां कालकाङ्क्षिणां घातकादीनाम् अपराधिनां चोद्योगा निष्फला भविष्यन्ति । चत्वारो दिगीशाः सार्वभौमा देशम् इमं जेतुं कृतप्रयत्ना अपि सिद्धिं न प्राप्नुयुः ।

पद्यमयी व्याख्या

नेपालद्रोणिरास्ते पृथुलशिखरिभिः सर्वतो वेष्टयमाना,
वर्तन्ते ते महीध्राः प्रकृतिविरचिता रक्षिणो जागरूकाः ।
नेपालद्रोणिरास्ते घटितबहुगुणा शैलदुर्गस्वरूपा,
दुर्गस्या ऽस्य स्वरूपं प्रणिहितहृदयैर् भावनीयं भवद्भिः ।।१४५।।
आशायाम् उत्तरस्यां वसति शिवपुरीनामधेयो महीध्र,
आस्ते शैलः प्रसिद्धो मघवदिशि महामण्डपा ।ऽ ख्यां दधानः ।
फुल्लोच्चाख्यां दधानः पितृपतिककुभं शोभयन्नस्ति शैल,
आस्ते चन्द्रागिरिस् तु क्षितिधर उदका ऽ धीश्वरा ।ऽ शानिषण्णः ।।१४६।।

मघवदिशि = पूर्वस्याम्
पितृपतिककुभम् = दक्षिणां दिशम्
उदका ऽ धीश्व रा ।ऽ शानिषण्णः = पश्चिमायां दिशि वर्तमानः

आशायाम् उत्तरस्यां निवसति शिखरी काहुल्या ऽऽ ख्यां दधानो,
दाप्चा ऽऽ ख्यो भाति शैलः ककुभि सुरपतेः, पालुङः पश्चिमायाम् ।
दुर्गीयाः सप्त शैला उपरि निगदिताः सन्ति, संस्कारमेते
ना ऽ पेक्षन्ते महान्तं मनुजविरचितं दुर्गनिर्माणहेतोः ।।१४७।।

सुरपतेः ककुभि = पूर्वस्याम्
दुर्गम् अस्मिन् पर्वते स्याद् इति दुर्गीयः पर्वतः

दुर्गीयेष्वेषु सप्तस्वपि गिरिषु समिच्छिल्पवित्संमतानां
दुर्गाणां दुर्ग्रहाणां भवतु विरचने युष्मदीयः प्रयत्नः ।
मुञ्चन्त्यः स्थूलगोलाञ् ज्वलनपरिवृतान् स्थापनीयाः शतघ्न्यो
दुर्गेष्वेतेषु वासं विदधतु नियतं सैनिकाः सांयुगीनाः ।।१४८।।

समित् = युद्धम्
सांयुगीनाः = युद्धनिपुणाः

यावच्-शृङ्ग-श्रिता ऽध्वं दृढतरघटिता आसतां लोहमय्यो
द्वारस्, तासां कपाटान्यपि कठिनतराण्यायसान्येव सन्तु ।
यावद्द्वारं शतघ्नी रिपुजनहृदयत्रासिनी स्थापनीया,
यावद्द्वारं वसन्तु प्रहरणबहुलाः पञ्चशो द्वारपालाः ।।१४९।।

यावच्-शृङ्ग-श्रिता ऽध्वम् = यावन्तः शृङ्गश्रिता अध्वानो मार्गाः संभवन्ति

दुर्गैर् द्वारैश् च सम्यग् विहितविरचनै रक्ष्यमाणे स्वदेश
ईशीरन् ना ऽपसर्पाः परजनपदजा बोद्धुमस्मद्रहस्यम् ।
हिंस्राः पापाः परस्त्रीधनहरणपरा भीतचित्ताः स्वदोषैर्
दूरं गन्तुं स्वदेशाद् अपि कृतयतनाः स्युर् न साफल्यभाजः ।।१५०।।

अपसर्पाः = चराः

मा भूद् नेपालदेशो रिपुवशग इति स्निग्धदृष्टया समेतो
विश्वेशो ऽमुं समन्ताद् बहुलगिरिवृतं दुर्गरूपं चकार ।
एतद् बुद्ध्वा भवद्भिः समुचितविधिना रक्षिते दुर्गरूपे
नेपालं जेतुमीशाः प्रथितबहुबलाः सार्वभौमाश् च न स्युः ।।१५१।।

# पाटनका राजा विष्णु मल्लको गोत्र

–महेशराज पन्त

नेपालखाल्डोका तीन सहरका मल्ल राजाहरू गोतिया हुन् र तिनीहरूले आफ्नो गोत्र मानव लेख्ने गरेका थिए भन्ने हामीलाई थाहा छ । यसो भए तापनि बि. सं. १७६२ मा योगनरेन्द्र मल्लको मृत्यु भएपछि पाटनको गद्दीमा बस्नेहरूमा उनका ल्याइतेपट्टिका छोरा महीन्द्र मल्ललाई छोडेर अरू मल्लान्त-नामधारी राजाहरू उनको पैतृक वंशका थिएनन् र तिनमा केही उनका छोरीबेटी खलक थिए भन्ने पनि हामीलाई थाहा भएकै कुरा हो । यसै गरी बि. सं. १७७६ मा भास्कर मल्लको मृत्यु भएपछि काठमाडौँका

राजा हुने जगज्जय मल्ल पनि काठमाडौँका मल्ल राजाहरूसँग सोझै सम्बद्ध थिएनन भन्ने कुरा पनि हामीलाई थाहै छ । यस कारण ती तीन राज्यका इतिहास लेख्ने क्रममा वंशको ठेगान नभएका ती राजाहरूको वंशनिर्णय गर्ने काम पनि ऐतिहासिकहरूको अगाडि हाँकको रूपमा रहेको छ ।

वि. सं. १७८६ भाद्रकृष्ण द्वादशीमा योगप्रकाश मल्लको मृत्यु भएपछि विष्णु मल्ल पाटनको गद्दीमा बसे ।[1] उनी योगनरेन्द्र मल्लकी भान्जी पुण्यमतीका छोरा हुन् ।[2] उनको मृत्यु वि. सं. १८०२ श्रावणशुक्ल अष्टमीमा भयो ।[3]

श्रीअच्युतानन्द राजोपाध्यायको सङ्ग्रहमा रहेको, विवाहको लागि तयार गरिएको गोत्रोच्चारसम्बन्धी ठ्यासफुमा विष्णु मल्लको विवाहको लागि लेखिएका वर वधू दुवै पक्षको गोत्रोच्चार पनि परेको छ ।

त्यसअनुसार विष्णु मल्लको कौशिक गोत्र र कौशिक, अङ्गिरा, बार्हस्पत्य त्रिप्रवर हो भन्ने बुझिन्छ ।

विष्णु मल्लको र विष्णु मल्लकी रानीको गोत्रोच्चारबाट मल्लकालको इतिहासमा केही प्रकाश पर्ला भन्ने विचार गरी नेपालीमा उल्थासमेत गरी सो गोत्रोच्चार यहाँ प्रकाश गरिएको छ ।

श्रीगोत्रोच्चारण

१ श्रीविष्णुमल्लयात कन्यादानया ।।

१ कौशिकगोत्रकौशिकांगिरोबार्हस्पत्येतित्रिप्रवर[4]स्य श्रीमच्छ्रीश्रीसूर्य्यदेवतासमाराधनतत्परस्य, श्री३[5]नारायणपादारविन्दार्च्चनपरायणस्य, श्री ३ सदाशिवभट्टारकपादाम्बुजप्रतिदिनसन्नतमौलिभागस्य श्री ३ गणपतिभट्टारकप्रसन्नीभूतदूरीकृतविघ्नजालस्य श्री ३ स्वेष्टदेवतावरलब्धप्रसाददेदीप्यमानस्य अमुकवर्म्मणः प्रपौत्रायेत्यादि ।। ।।

---

१. वि. सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित देवीप्रसाद् लंसालद्वारा सम्पादित भाषा वंशावली २ भागको ७५ पृ.

२. वि. सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको इतिहास-संशोधन ५७ सङ्ख्या

३. वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित पिताजी नयराज पन्त, देवीप्रसाद् भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ७४५ पृ.

४. मूलमा पहिलेबाट ल लेखी लको टाउकोमा संशोधनचिह्न दिइएको छ ।

५. मूलमा श्री २ छ ।

१ कौशिकगोत्रकौशिकांगिरोबार्हस्पत्येतित्रिप्रवर[४]स्य श्री ३ पशुपतिचरणकमलधूलि-धूसरितोत्तमांगस्य ـ श्री ३ गरुडनारायणपादसरसीरुहाराधितस्य ـ श्रीमानेश्वरीष्टदेवतापद-पङ्कजाराधकस्य ـ श्री ३ लोकनाथपादारविन्दसेवितोत्तमाङ्गमधुव्रतस्य ـ श्री ३ स्वेष्ट-देवतावरलब्धप्रसाददेदीप्यमानतेजसः सरयूतीरविराजमानायोध्यानगरोद्भवविविधगुण-गणालंकृत ـ निजकुलपद्मप्रकाशनैकभास्करयशःसुधाकरधवलीकृतदिगन्तरालस्य ـ श्रीदेव-सिंहवर्म्मणः प्रपौत्राय ।। श्रीअमरसिंहवर्म्मणः पौत्राय ।। श्रीदर्सिंहवर्म्मणः पुत्राय ।। निजकुलतिलकयजुर्व्वेदान्तर्गतमाध्यन्दिनशाखावाजशनेयचरण ـ नेपालभूमण्डलालंकरण-भूत ـ दिगंगणाकीर्त्तितकीर्त्तिचन्द्र ـ निजप्रतापानलसंशोषितसकलवैरिवृन्द ـ राजनीतिविद्या-विचक्षण ـ संगीतशास्त्राहृत ـ मनोहराय ـ महाराजाधिराजश्रीश्रीजयविष्णुमल्लवर्म्मणे कन्यार्थिने ।।

उल्था

## गोत्रोच्चार

श्रीविष्णु मल्ललाई कन्यादानको ।

कौशिक गोत्रका, कौशिक अङ्गिरा बार्हस्पत्य त्रिप्रवर भएका, श्रीश्रीश्रीसूर्य देवताको आराधनमा लागेका, श्रीश्रीश्रीनारायणको चरणकमलको पूजामा लागेका, श्रीश्रीश्रीसदाशिव देवताको चरणकमलमा हरेक दिन नुहेको शिर भएका, प्रसन्न भएका श्रीश्रीश्रीगणेश देवताले विघ्नका जाल हटाएका, आफ्ना श्रीश्रीश्री-इष्टदेवताको वरबाट पाइएको निगाहले देदीप्यमान भएका फलाना वर्माका पनातिलाई इत्यादि ।

कौशिक गोत्रका, कौशिक अङ्गिरा बार्हस्पत्य भन्ने त्रिप्रवर भएका, श्रीश्रीश्रीपशुपतिको चरणकमलको धूलोले टाउको फुस्रिएका, श्रीश्रीश्रीगरुडनारायण (चाँगुनारायण) को चरणकमलको सेवा गरेका, इष्ट-देवता श्रीमानेश्वरीको चरणकमलको सेवा गर्ने, श्रीश्रीश्रीलोकनाथ(मत्स्येन्द्रनाथ) को चरणकमलको सेवा गर्दा शिर नै भमरा भएका, आफ्ना श्रीश्रीश्रीइष्टदेवताको वरबाट पाइएको निगाहले देदीप्यमान भएको तेज भएका, सरयूको किनारमा रहेको अयोध्या शहरमा उत्पन्न भएको थरी थरीका गुणले सिँगारिएको आफ्नो कुलरूपी कमल फुलाउनमा मुख्य सूर्य भएका, कीर्तिरूपी चन्द्रमाले आकाश सेतो पारेका, श्रीदेवसिंह वर्माका पनाति, श्रीअमरसिंह वर्माका नाति, श्रीदरसिंह वर्माका छोरा, आफ्नो कुलमा श्रेष्ठ, यजुर्वेदभित्र पर्ने माध्यन्दिन शाखा वाजसनेय चरणका, नेपाल पृथ्वीमण्डललाई सिँगार्ने, दिशारूपी स्वास्नीमान्छेहरूले बयान गरिएको कीर्तिरूपी चन्द्रमा भएका, आफ्नो प्रतापरूपी आगोले सबै शत्रुहरू-लाई सोसेका, राजनीतिविद्याका विद्वान्, सङ्गीतशास्त्रले मन हरिएका, राम्रा, महाराजाधिराज श्रीश्रीजय-विष्णु मल्ल वर्मा केटी खोज्नेलाई ।

१ भारद्वाजगोत्रस्य भारद्वाजाङ्गिरोबार्हस्पत्त्येत्रिप्रवलस्य यथाशाखान्तर्गतवेदोक्तप्रक्रियाचरणस्य श्रीमच्छ्रीश्रीसूर्य्यभट्टारकपादपङ्कजसेवितस्य श्री ३ नारायणपादारविन्दसंसेवितस्य श्री३ गणपत्याराधनतत्परस्य श्रीसदाशिवभट्टारकचरणाम्बुजाराधितस्य श्रीमच्छ्रीश्रीकालोष्टदेव्याः पादपङ्कजनित्यार्च्चनतत्परस्य श्री ३ गोरैयाबिसहरीष्टदेवतापादपङ्कजनित्यार्च्चनतत्परस्य श्री ३ बन्दीदेव्याः पादसंसेवितस्य श्रीनदीगोदावरीस्नानतत्परस्य रजपूतकरंवारकान्तीपुरदेशोद्भववंशकमलवनप्रकाशनैकभास्करस्य स्वकीयवंशानुस्थानसमस्तप्रक्रियागुणालंकृतसुकुलोद्भवमर्यादामहोदधे स्वकुलतिलकश्रीगर्भुरायवर्म्मणः प्रपौत्रीं ।। ।। श्री दत्तरायवर्म्मणः पौत्रीं ।। ।। श्रीरमानाथरायवर्म्मणः पुत्रीं ।। ।। अमुकनामदेवीं वरार्थिनीं ।।

[भारद्वाज गोत्रका, भारद्वाज अङ्गिरा बार्हस्पत्य त्रिप्रवर भएका, जुन वेदको जुन शाखाभित्र जुन चरण पर्छ त्यही भएका, श्रीश्रीश्रीसूर्य देवताको चरणकमलको सेवा गरेका, श्रीश्रीश्रीनारायणको चरणकमलको सेवा गरेका, श्रीश्रीश्रीगणेशको सेवामा लागेका, श्रीसदाशिव देवताकोचरणकमलको सेवा गरेका, इष्टदेवी श्रीश्रीश्रीकालीको चरणकमल सधैँ पुज्नमा लागेका, इष्टदेवता श्रीश्रीश्रीगोरैयाबिसहरीको चरणकमल सधैँ पुज्नमा लागेका, श्रीश्रीश्रीबन्दीदेवीको पाउको सेवा गरेका, श्रीगोदावरी नदीमा स्नान गर्नमा लागेका, कान्तिपुर देशमा उत्पन्न भएको रजपूत करंवारवंशरूपी कमलको रास फुलाउनमा मुख्य सूर्य भएका, आफ्नो वंशका सबै रीतिस्थितिले सिँगारिएका, असल कुलमा जन्मेका, मर्यादामा महासमुद्र, आफ्नो वंशमा श्रेष्ठ श्रीगर्भु राय वर्माकी पनातिनी, श्रीदत्तराय वर्माकी नातिनी, श्रीरमानाथ राय वर्माकी छोरी, फलाना नाउँ भएकी देवी, केटो खोज्नेलाई]

# जङ्गबहादुरको पालाको नेपाल–भोटयुद्धको लागि गोदामगोदाममा राखिएका रसदसम्बन्धी पत्र

–रामजी तेवारी

श्रीबलरामदास मूलको सङ्ग्रहमा रहेको यस पत्रको सकलबाट नकल उहाँको सौजन्यबाट मैले लिन पाएको हुँ । यहाँ यो पत्र जस्ताको तस्तै उतारिएको छ । यस पत्रमा साल मिति केही छैन ।

श्री:

गोदाम् गोदाम्मा ज्मा भयाको रसद् बोरा हाली चलान् भै गयाको र जगा जगामा बाकी रह्याको अन्दाजी वासील बाकी तेरिज

| असामी | ज्मा बोरा | चलान् बोरा | बाकी बोरा |
|---|---|---|---|
| **गुम्थान् गोदाम्को बोरा** | | | |
| चावल्को बोरा | १०८६० | २६४६ | ८२१४ |
| चिउराको बोरा | १४८ | १३० | १८ |
| मास्को फाडो बोरा | १४२ | १४१ | १ |
| कोदाको बोरा | ६०० | X | ६०० |
| खुर्सानीको बोरा | ७९ | ३२ | ४७ |
| | ११८२९ | २९४९ | ८८८० |
| **लीस्ति तल्ला गोदाम्को बोरा** | | | |
| चावल् बोरा | ७११२ | ४४२६ | २६८६ |
| चिउरा बोरा | ११८ | ११८ | X |
| कोदो बोरा | ४५ | X | ४५[1] |
| | ७२७५ | ४५४४ | २७३१ |
| **ढ्याङ् गोदाम्को बोरा** | | | |
| चावलका बोरा | ६६४५ | १७३४ | ४९११ |
| | ६६४५ | १७३४ | ४९११ |
| **छ्याङ्सिङ् गोदाम्को बोरा** | | | |
| चावल् बोरा | ३०७२ | X | ३०७२ |
| मास् बोरा | ११२ | X | ११२ |
| कोदो बोरा | १५ | X | १५ |
| | ३१९९ | X | ३१९९ |
| **तुसाऱ्या गोदाम्का बोरा** | | | |
| कोदा बोरा | ३१५० | X | ३१५० |
| | ३१५० | X | ३१५० |

१. ४५ लेख्नुपर्नेमा मूलमा भूलले ५४ लेखिएको छ।

टुगना गोदाम्को बोरा

| | | | |
|---|---|---|---|
| चावल् बोरा | २५८३ | X | २५८३ |
| चिउरा बोरा | १५५ | X | १५५ |
| मास् बोरा | २८३ | X | २८३ |
| | ३०२१ | X | ३०२१ |

तातापानी गोदाम्को बोरा

| | | | |
|---|---|---|---|
| चावल् बोरा | ४०७ | X | ४०७ |
| चीउरा बोरा | ३४ | X | ३४ |
| मास् बोरा | ४९ | X | ४९ |
| | ४९० | X | ४९० |

कोदाहारि गोदाम्को बोरा

| | | | |
|---|---|---|---|
| चावल् बोरा | ६१४ | X | ६१४ |
| चिउरा बोरा | ५४ | X | ५४ |
| मास् बोरा | ५३ | X | ५३ |
| | १०२१ | X | १०२१ |

षासा गोदाम्को बोरा

| | | | |
|---|---|---|---|
| चावल् बोरा | ४०५ | X | ४०५ |
| चिउरा बोरा | १०६ | X | १०६ |
| मास् बोरा | ३८७ | X | ३८७ |
| कोदो बोरा | २१७ | X | २१७ |
| | १११५ | X | १११५ |

कुती गोदाम्को बोरा

| | | | |
|---|---|---|---|
| चावल् बोरा | ८४७ | X | ८४७ |
| चीउरा बोरा | २५० | X | २५० |
| मास् बोरा | १३० | X | १३० |
| कोदो बोरा | २२४ | X | २२४ |
| | १४५१[२] | X | १४५१[२] |

२. १४५१ लेख्नुपर्नेमा मूलमा भूलले १४८६ लेखिएको छ ।

| | | | |
|---|---|---|---|
| सुबा मानसरोवरसिंबाट आयाको सातु मकैको | २४५२ | १७७६ | ६७६ |
| | २४५२ | १७७६ | ६७६ |

अंदाजी यकुन्

| | |
|---|---|
| ज्मा बोरा | ४८३८१ |
| चलान् बोरा | १५८३७ |
| बाकी बोरा | ३२५४४ |
| | |
| नेपाली बोरा ज्मा | ६४७५ |
| कुती चलान् बोरा | ३६६ |
| बाकी बोरा | ६१०६ |
| | |
| लीस्ति माथील्ला गोदाम् कोदो बोरा | ११५४ |

# यशोधर्माको प्रशस्ति

—नयराज पन्त

विक्रमको छैटौं शताब्दीका भारतका प्रसिद्ध सम्राट् यशोधर्माको प्रशस्ति परेको शिलास्तम्भलेख ग्वालियरको मन्दसोरमा छ । यशोधर्माको नाम लुप्त हुन नदिने दुइ शिलालेखमध्ये यो एउटा हो । सो प्रशस्तिको मूलको सार भाग तथा त्यसको नेपाली पद्यानुवाद यहाँ दिइएको छ । वि. सं. १९९९ मा कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित दीनेशचन्द्र सरकारको सिलेकट् इन्स्क्रिप्शन्ज् (छनौट अभिलेख) का ३९३–३९५ पृष्ठबाट मूलभाग सारिएको हो ।

मूल

आविर्भूतावलेपैरविनयपटुभिर्ल्लंङ्घिताचारमार्ग्ग-
र्म्मोहादैदंयुगीनैरपशुभरतिभिः पीड्यमाना नरेन्द्रैः ।

यस्य क्ष्मा शार्ङ्गपाणेरिव कठिनधनुर्ज्याकिणाङ्कप्रकोष्ठं
बाहुं लोकोपकारव्रतसफलपरिस्पन्दधीरं प्रपन्ना ।। २

अनुवाद

मर्यादालाइ नाघ्ने कुलतरत तथा निर्विवेकी घमण्डी
धेरै राजाहरूका कुचरितहरुको रापले पिलिसएकी ।
पृथ्वी लोकोपकारी प्रहरणविधिमा नित्य अभ्यासशाली
जल्लाई शार्ङ्गधारी यदुपतिकन झैं भज्दछिन् त्राणनिम्ति ।।१।।

मूल

निन्द्याचारेषु योस्मिन्विनयमुषि युगे कल्पनामात्रवृत्या
राजस्वन्येषु पांसुष्विव कुसुमबलिर्न्नाविभासे प्रयुक्तः ।
स श्रेयोधाम्नि सम्राडिति मनुभरतालर्ककमान्धातृकल्पे
कल्याणे हेम्नि भास्वान्मणिरिव सुतरां भ्राजते यत्र शब्दः ।। ३

अनुवाद

सम्राट् यो शब्द ज्यादै कुचरित नृपको बन्न जाँदा प्रशस्ति
धूलोमा पर्याँकिएको कुसुमसम थियो लोकमा म्लानकान्ति ।
सो सम्राट् शब्द साक्षात् मनुहरुसमका भूपको भै प्रशस्ति
ऐले चोखो हिरण्यप्रणिहित मणि झैं देखियो दीप्तकान्ति ।।२।।

मूल

ये भुक्ता गुप्तनाथैर्न्न सकलवसुधाक्रान्तिदृष्टप्रतापै-
र्न्नाज्ञा हूणाधिपानां क्षितिपतिमुकुटाध्यासिनी यान्प्रविष्टा ।
देशांस्तान्धन्वशैलद्रुमगहनसरिद्वीरबाहूपगूढा-
न्वीर्यावस्कन्नराज्ञः स्वगृहपरिसरावज्ञया यो भुनक्ति ।। ४

अनुवाद

अर्कन्थ्यो जसको प्रतापबलले सम्पूर्ण पृथ्वीतल,
त्यस्ता गुप्त नृपालका पनि थिए जो राज्यदेखिन् पर ।
मान्थे भूपहरू हुकूम जसका माथा नुहाईकन
त्यस्ता हूण नृपालको पनि जहाँ पुग्दैनथ्यो शासन ।।३।।

बाक्ला झाडी मरु नद नदी शैलले ढाकिएका
ज्यादै शूरा रणपटु निकै वीर योद्धा भएका ।
त्यस्ता धेरै मुलुक जसको राज्यमा भै बिलीन
ऐले बस्छन् जुन नृपतिको भै घडेरीसमान ।।४।।

मूल

आ लौहित्योपकण्ठात्तलवनगहनोपत्यकादा महेन्द्रा-
दा गङ्गाश्लिष्टसानोस्तुहिनशिखरिणः पश्चिमादा पयोधेः ।
सामन्तैर्यस्य बाहुद्रविणहृतमदैः पादयोरानमद्भि-
श्चूडारत्नांशुराजिव्यतिकरशबला भूमिभागाः क्रियन्ते ।। ५

अनुवाद

ठूलो खोलो नामले ब्रह्मपुत्र, बाक्लो झाडीयुक्त भूभृद् महेन्द्र ।
गङ्गा धर्ने टाकुरोले हिमाल सीमामा छन् औ उदन्वान् प्रतीच्य ।।५।।
उपरिकथित सीमाभित्र सामन्त सर्व रणबिच जसको भै शक्तिले क्षीण गर्न ।
सकलनृपतिजेता श्रीयशोधर्मनामा जसकन पदमा नै ढोग्न गिर्छन् धरामा ।।६।।

मूल

स्थाणोरन्यत्र येन प्रणतिकृपणतां प्रापितं नोत्तमाङ्गं
यस्याश्लिष्टो भुजाभ्यां वहति हिमगिरिर्दुर्गशब्दाभिमानम् ।
नीचैस्तेनापि यस्य प्रणतिभुजबलावर्ज्जनक्लिष्टमूर्द्धना
चूडापुष्पोपहारैर्म्मिहिरकुलनृपेणार्च्चितं पादयुग्मं ।। ६

अनुवाद

शिवचरणसिवाय क्वै सकेन जुन नृपको शिरको प्रणम्य बन्न ।
हिमगिरि जसको प्रतापबाट अतिबलियो गिरिदुर्ग भैरहेछ ।।७।।
अतिशय बलिया तिनै प्रसिद्ध मिहिरकुल क्षितिपालले समेत ।
जसकन पदमा नुहेर ढोगे, निज भुजले निज टाउको नुहाए ।।८।।

०--०

# बाह्रौँ वर्षको आम्दानीखर्चको विवरण

| | |
|---|---|
| **आम्दानी** | १७३८०।०८ |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | ५००। |
| श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको वि. सं. २०३७।१२।१२ को संशोधन-मण्डललाई सालबसाली रु. १०००। अर्थसहायता दिने निर्णयअनुसार श्री ५ को सरकार शिक्षामन्त्रालयबाट आएको | १०००। |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख-संग्रह, इतिहास-संशोधन, विद्या-रत्न, सावधान-पत्र, पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधनहरू बिक्री भई आएको | २५४८।६७ |
| श्री ५ को सरकार शिक्षामन्त्रालयले पूर्णिमा ४५, ४६, ४७ अङ्क २५।२५ प्रति किनिदिँदा आएको | ६५०। |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | १७। |
| बचतखाताको ब्याज | १०३३।१६ |
| पोहरको बाँकी (पूर्णिमा ४६ अङ्कमा प्रकाशित) | ११६३०।६५ |
| **खर्च** | ७८२२।२७ |
| पूर्णिमा ४५ पूर्णाङ्कमा | १४६४। |
| पूर्णिमा ४६ पूर्णाङ्कमा | १५०७। |
| पूर्णिमा ४७ पूर्णाङ्कमा | १७३०। |
| पूर्णिमा ४८ पूर्णाङ्कमा | १८०६।३२ |
| पूर्णिमाको जिल्दको ब्लक | ७५। |
| कोठाबहाल | ८६४। |
| संस्थानवीकरणखर्च | ५०। |
| अरू | ३२५।६५ |
| **बाँकी** | ९५५७।८१ |

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ५० अङ्कसम्म | २४१।५० |
| २. अभिलेख-संग्रह १–१२ भाग | ७।५० |
| ३. इतिहास-संशोधन | १३। |
| ४. सावधान-पत्र | ६। |
| ५. विद्या-रक्षा | ६। |
| ६. व्याकरण-संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग-संशोधन | ३।५० |
| ८. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. पञ्चाङ्ग-संशोधन (१३–१५ सङ्ख्या) | ।७५ |
| १०. सावधान-पत्र (१८–३० सङ्ख्या) | १०। |
| ११. रत्नदीप | २।५० |
| १२. वृत्तशतक | ३। |

## नेपाल–सांस्कृतिक–परिषद्‌तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिकपत्रसंग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिकपत्रसंग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा फ्याँकिएका कसिंगर | ६।२५ |
| २. इतिहास-संशोधनको प्रमाण-प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) | ४१। |

## त्रिभुवनविश्वविद्यालय पाठचक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रिभुवनविश्वविद्यालय संस्कृत अध्ययनसंस्थानको आयोजनामा तयार भएको) | |

## नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।५० |

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं १५५/२४९

कार्यालय–
संशोधन–मण्डल
वटु सवलबहाल, काठमाडौँ, नेपाल

१०/३७४

वि. सं. २०३८ आश्विन

यस अङ्कको मूल्य रु. १०।

मुद्रक–
लुष प्रेस
नयाँ वानेश्वर, काठमाडौँ